वर्ष : १८, अंक : १९, काठमाडौं, २०७९ भाद्र ३ गते शुक्रबार, 19 August 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## राजनीतिक दलहरू : निर्लज्ज भण्टा दुवैतिर कानो

### जनतालाई मत नदिने अधिकार वा नो भोटको अधिकार दिइएको भए मात्र ती नेतृत्वहरूको मूल्यांकन गर्न सकिने एक मापदण्ड हुने थियो ।

**मधेशवाणी डेस्क**

काठमाडौं । मैथिली भाषाभाषीहरू माझ एउटा उखान छ 'निर्लज्ज भट्टा दुनु दिस कन्हा' जसको नेपाली अनुवाद 'निर्लज्ज भण्ट दुवै तिर कानो' हुन्छ । बिग्रेको भण्टाको दुवै तिर खुम्चिएको हुन्छ । त्यस्ता भण्टा तरकारीका लागि उपयोगी होला भन्ने विश्वास भान्सेलाई हुँदैन् । फालिन्छ । तरराजनीतिमा यसको विपरीत हुने गरेको पाइन्छ । जो नेतृत्व जति अविश्वसनीय हुन्छ तिनका कार्यकर्ताबाट तिनलाई त्यति सम्मानसाथ नेतृत्वमा पदासीन गराइन्छ ।

राजनीतिक दलका नेताहरूर तिनका नेतृत्वहरूलाई तिनको बोली वचनको आधारमा तुलनात्मक अध्ययन गर्दा यस्तै अवस्था आउने गरेको युएन पार्क चौतारीका सहभागीहरूको भनाइरहेको छ । जनतालाई मत नदिने अधिकार वा नो भोटको अधिकार दिइएको भए मात्र ती नेतृत्वहरूको मूल्यांकन गर्न सकिने एक मापदण्ड हुने थियो । जनतालाई तिनै अविश्वसनीयहरू मध्येबाट कसैलाई चुन्नु पर्ने बाध्यात्मक परिस्थिति भएकाले मतदान तिनैलाई गरिन्छ । आखिर काम त तिनैले गर्न सक्छन्र गर्छन् । बालेन शाह जस्ता निर्दलीय उम्मेदवारबाट त्यो सम्भव हुँदैन् । भएपनि बिरलै हो । हुनत बालेनको पूर्ण परीक्षा हुन बाँकी नै छ । तर प्रारम्भिक मार्कसिटमा दुर्गन्धित शहरले धेरै अंक दिन नसकिने अवस्था सबैको सामुरहेको मधेश प्रदेशको महोत्तरी जिल्लाको बासिन्दा बताउने युएन पार्क चौतारीका बेचन मुखिया बताउँछन् । जनताले निर्दलीय उम्मेदवारलाई जिताएर कहिलेकाहीँ आफ्नो आक्रोश पोख्न सम्मलाई सही हो तर बहुदलीय व्यवस्थामा यसको अर्थ हुँदैन् । झन् निर्दलीय व्यवस्थामा त एक्ला एक्लै निर्दलीय भएर जित्नेहरूको समूह हुने गर्दथ्यो । कोही चन्द गुटमा हुन्थे भने कोही थापा गुटमा हुन्थे । कोहीराजा गुटमा हुन्थे । चन्दर थापा गुट भनेको पूर्व प्रधानमन्त्रीद्वय लोकेन्द्र बहादुर चन्दर सूर्यबहादुर थापा गुट भएको मुखियाले प्रष्टयाए ।राजाको निगाहबाट समयमा फेरिने प्रधानमन्त्री अन्तर्गत सोही समूहकाराष्ट्रिय पञ्चायत सदस्यहरू मन्त्री बन्ने गरेका थिए । उहिले निर्दलीय बेला व्यवहार बहुदलीय जस्तो थियो ।

त्यतिबेलाका उग्रराष्ट्रवादीहरूका दुईटा समूह थिए । एउटा मण्डले घोषितराजाको पक्षपोषण गर्नेहरूको थियो भनेराजा विरोधीहरूको उग्रवादी कम्युनिष्टहरूमा उग्रराष्ट्रवादीहरू थिए । बीपीको सरकार अपदस्त गरिएपछि उग्रवादी कम्युनिष्टहरू बढी सक्रिय भएर कांग्रेसी प्रभाव कम गराउन यस्तो गरिएको थियो ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि तिनै मण्डलेहरू विभिन्न नामधारी कम्युनिष्टहरूमार कांग्रेसमा छिरेका थिए । चैते कांग्रेसहरूले छोटो समयमै कांग्रेसलाई बिगारि दियोर उनीहरूको एकल सरकार ढाल्न लगाएको थियो । त्यसपछि फेरि चन्दर थापा सरकारमा आएको कसलाई थाहा छैनर भनी प्रतिप्रश्न गर्दै युएन पार्क चौतारीका धनुषा घर भएको बताउनेराम सहनी भन्छन् " त्यसले माओवादीको सशस्त्र संघर्ष उदाउन सहयोग गऱ्यो "

माओवादीले हतियार बिसाएर आएका बेला सबै भन्दा ठुलो दल बनेर आयो । तर उसलाई पनि चैते कांग्रेसले कांग्रेस बिगारेसरी तिनै तत्व माओवादीमा छिरेर उसको फलामे धारलाई भुत्ते बनाउन लगाएको स्वयं माओवादी नेताहरूबाट सुनिने अभिव्यक्तिले पुष्टि गरिरहेको सहनी बताउँछन् ।

युएन पार्क वरिपरि मधेश प्रदेशका बस्नेहरूको प्रभातकालीन हिँडाइका क्रममा बनेको साझा चौतारी हो । उनीहरूले बेला बेलामा यस्ता विषयमा छलफल गरिरन्छन् ।

माओवादीको संघीयताको एजेण्डा उहिलेको नेपाल सदभावना पार्टीका संस्थापक नेता गजेन्द्र नारायण सिंहको एजेण्डासँग मिल्न गएकोले अन्तरिम संविधानमा संघीयता शब्द नभएकाले समग्र मधेशमा विद्रोहको आगो दन्किन पुगेको थियो । त्यतिखेर मधेशी जनअधिकार फोरमका नेता उपेन्द्र यादवले त्यो विद्रोहको आगोमा हरेक मधेशीलाई फोरम बनाउन लगाएका थिए । अहिले उपेन्द्र यादव जनता समाजवादीका नेता छन् । यादवले पूरा गर्न नसकेको भन्दै त्यो विद्रोहमा नेपाली

बाँकी अन्तिम पृष्ठमा









**नागरिकता विधेयकमा पुनर्विचार गर्न राष्ट्रपतिले संसद् सचिवालयमा पठाएको पत्रको पूर्णपाठ**

पृष्ठ ५ मा

## प्रतिनिधिसभाबाट नागरिकता विधेयक पुनः पारित

काठमाडौं ।राष्ट्रपतिबाट पुनर्विचारका लागि सन्देश सहित फिर्ता भएको नागरिकता संशोधन विधेयक, २०७९ पुनः प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ । बिहीबारको प्रतिनिधिसभाको बैठकबाट बहुमतले विधेयक पुनः पारित भएको हो । सरकारले पूर्ववत् रूपमा नै अगाडि बढाएको सो विधेयक मत विभाजनमार्फत बहुमतले पारित भएको हो । मत विभाजन हुँदा विधेयकको पक्षमा १ सय ३५ मत परेको थियो भने विपक्षमा जम्मा ६० मत परेको थियो ।

यस अघि विधेयक माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा गृहमन्त्री बालकृष्ण खाँणले नागरिकता विधेयकका सम्बन्धमाराष्ट्रपतिबाट उठाइएका विषयहरू दलहरूबीच तत्काल सहमति हुने सम्भावना नरहेको हुनाले सरकारले पुरानै अवस्थामा विधेयक अगाडि बढाएको बताएका थिए । गृहमन्त्री खाँणले शीर्ष नेताहरूबीच पटक-पटकको वार्ता, संवादर छलफलबाट सहमति नजिक पुगेका प्रावधानहरूलाई समेटेर विधेयक अगाडि बढाएकोरराष्ट्रपतिबाट प्राप्त सन्देशमा उठाइएका विषयमा दलहरूबीच गहिरो मतभेद देखिएको पनि बताए ।

मन्त्री खाँणले संसद्कोराज्यव्यवस्था तथा सुशासन समितिमा २२ महिनासम्म बहसर छलफल हुँदा पनि सहमति जुट्न नसकेपछि सरकारले २०७५ सालको विधेयक फिर्ता लिई जन्मका आधारमा नागरिकता लिएका नेपाली आमाबुबाका छोराछोरीलाई नागरिकता दिने उद्देश्यले नयाँ विधेयक अगाडि बढाएको बताए । गृहमन्त्री खाँणले सहमति गर्नका लागि थप समय लिंदा नागरिकता प्राप्त गर्नबाट वञ्चित हुनेहरूको संख्या बढ्दै जानेर उनीहरू शिक्षा,रोजगारी एवं अन्य वृत्ति विकासका अवसरहरूबाट समेत वञ्चित हुँदाराज्यलाई नै ठूलो नोक्सान पुग्ने भएकाले विधेयकरोक्न नहुने बताएका थिए ।

## चुनावी अभियानमा लोसपा



काठमाडौं । आसन्न प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल होमिएको छ । आगामी मंसिर ४ गते हुने आमनिर्वाचनको तयारीस्वरूप लोसपा नेपालले आफ्नो गतिविधिहरू सुरू गर्न लागेको छ । लोसपाले चुनावी तयारीस्वरूप मधेश प्रदेशमा विभिन्न कार्यक्रमहरू आयोजना गर्न लागेको छ । लोसपाको तर्फबाट मधेश प्रदेशमा स्थानीय तहमा निर्वाचित पदाधिकारीहरू सम्मान, अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्न लागेको छ । लोसपा आगामी शनिबार बर्दिवासमा सम्मान, अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्न लागेको हो । यस्तै, लोसपाले आइतबार सिरहाको गोलबजारमा पार्टी प्रवेश कार्यक्रम गर्ने भएको छ ।

## राष्ट्रपतिको सन्देश निबन्धात्मक : त्रिपाठी



काठमाडौं । जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले नागरिकता विधेयक फिर्ता गर्दा राष्ट्रपतिले पठाएको सन्देश निबन्धात्मक भएको टिप्पणी गरेका छन् । राष्ट्रपतिले फिर्ता गरेको नागरिकता विधेयकमाथि बिहीबार संसदमा भएको छलफलमा भाग लिंदै त्रिपाठीले सो टिप्पणी गरेका हुन् । उनले विधेयकका कुन दफा संविधान विपरीत छ भन्ने नसक्को भने, 'संविधान अनुसार यो विधेयक यहाँ अमान्य छ भन्ने पाएको भए एक ढंगले छलफल अगाडि बढ्थ्यो होला । त्यो नपाएको हुनाले बढी निबन्धात्मक जस्तो लाग्यो ।'

राष्ट्रपतिले कतिपय अतितका कुरा गरेको भन्दै उनले भने, '२०३२ सालको नागरिकता ऐनमा एउटा व्यवस्था गरिएको थियो, किन छोटै समयमा पुनरावलोकन गरियो ? यस विषय पनि राष्ट्रपतिको सन्देश छ । यो कसरी टुंग्याउने ? त्यसका पात्रहरू पृथ्वीमा छैनन्, डकुमेन्टले अर्कै बोल्छ ।' जन्मका आधारमा नेपाली नागरिकता लिएका आमाबाबुको सन्तानले ७ वर्षदेखि नागरिकता पाउन नसकेकाले यो विधेयक छिटो ल्याउनु परेको उनले बताए । उनले अघि भने, 'यदि लैंगिक समानता खोजेको हो भने संविधानको धारा ११ (२) को (ख) कार्यान्वयन गर्ने कि नगर्ने ? त्यसमा किन नबोल्ने ?'

## भारत गौरव पर्यटक रेल फेरि आउने




जनकपुरधाम । भारतीय पर्यटक बोकेर 'भारत गौरव पर्यटक रेल' दोस्रो पटक जनकपुरधाम आउन लागेको छ । भाद्र ११ गते भारतीय पर्यटक रेल आउन लागेको हो । जयनगर-जनकपुर-कुर्था रेलमार्गमा नियमित रेलसेवा सञ्चालन भएपछि पहिलो पटक गत असार ९ गते करिब छ सयको संख्यामा भारतीय पर्यटक बोकेर 'भारत गौरव पर्यटक रेल' आएको थियो । दोस्रो पटक पनि ठूलो संख्यामा भारतीय पर्यटक लिएर आउन लागेको हो ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जनकुमार झाको पहलमा रामायण सर्किटमा सञ्चालन हुने उक्त रेलसेवामार्फत भारतीय धार्मिक पर्यटक दोस्रो पटक जनकपुरधाम आउन लागेका हुन् । भारतको राजधानी नयाँ दिल्लीलगायतका सहरबाट भारतीय पर्यटकलाई जनकपुरधामसम्मको यात्रा गराउने आफ्नो निरन्तरको पहलमा दोस्रो पटक बाँकी अन्तिम पृष्ठमा

## प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसदीय निर्वाचनमा जाऔं : यादव

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकको राजनीतिक स्थायित्वका लागि कार्यकारी राष्ट्रपतीय प्रणाली एक मात्र विकल्प रहेको बताएका छन् ।

समाजवादी युवा संघ नेपालको जनकपुरधाममा राष्ट्रिय भेलाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष यादवले वर्तमान संसदीय प्रणालीले राजनीतिक अस्थिरता बढाएकोले त्यसलाई अन्त्य गरि राजनीतिक स्थिरता कायम गर्दै विकास र समृद्धिको बाटोमा लाग्न प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणालीको विकल्प नरहेको उल्लेख गरेका हुन् ।

'अहिलेको व्यवस्थाले निर्वाचन प्रणाली महँगिएको छ, करोडौ खर्चेर चुनाव जितेकाहरू बाट सेवाको अपेक्षा गर्न सकिदैन 'अध्यक्ष यादवले भने, 'निर्वाचन प्रणाली फेरौं, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणाली र पूर्ण समानुपातिक संसदीय निर्वाचनमा जाऔं । त्यसले भ्रष्टाचार नियन्त्रण गर्नुका साथै समृद्धिको बाटोमा लाग्न मद्दत पुऱ्याउँछ ।'



सांसदहरू मन्त्री बन्ने व्यवस्थाको अन्त्य भए चुनावमा हुने खर्च आफै नियन्त्रित हुने र भ्रष्टाचार पनि अन्त्य हुने उनको कथन थियो ।

हतारमा ल्याइएको संविधानको वेथितिहरू एक पछि अर्को उजागर हुन थालेको उल्लेख गर्दै अध्यक्ष यादवले पहिचान सहितको संघीय पुनःसंरचना र निर्वाचन प्रणालीको विषयमा संविधान संशोधनको विकल्प नरहेको उनले दावी समेत गरे ।

परिवर्तन, सृजना, निर्माण, अविस्कारको पर्याय रहेका युवाहरू चेतनशिल र संगठित हुनु पर्ने आजको प्रमुख आवश्यकता रहेको उल्लेख गर्दै अध्यक्ष यादवले युवाहरूको लागि राज्यले शिक्षा र रोजगारीको ग्यारेन्टी गर्नु पर्ने उल्लेख गरे ।

उद्घाटन सत्रमा मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले परिवर्तनका सम्वाहक रहेका युवाहरू जसपाको प्रमुख प्राथमिकतामा शुरूदेखि रहदै आएको र त्यसै अनुरूप आफ्नो

बाँकी अन्तिम पृष्ठमा

## पूर्वउपराष्ट्रपतिको पुस्तक लोकार्पण



काठमाडौं । गणतन्त्र नेपालको प्रथम उपराष्ट्रपति परमानन्द झाको जीवनको भोगाइ समेतका विषयवस्तु समेटिएको पुस्तक लोकार्पण भएको छ । 'मधेशको माटो म (सप्तरीदेखि शासन सत्तासम्म)' पुस्तक लोकार्पण गरिएको छ । उपराष्ट्रपति कार्यालय लैनचौरमा आयोजित कार्यक्रममा उपराष्ट्रपति नन्दबहादुर पुनले उक्त पुस्तकको लोकार्पण गरेका छन् ।

पुस्तकको लोकार्पण गर्दै उपराष्ट्रपति पुनले जनताको संघर्षको बलमा प्राप्त गणतन्त्रकै कारण जनताको छोराछोरी मुलुकको सर्वोच्च पदमा पुग्न सफल भएको बताए । जनताको त्याग, तपस्या र बलिदानबाट मुलुकमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक प्रतिनिधित्व सुनिश्चित भएको उल्लेख गर्दै उनले प्राप्त उपलब्धिमा सबै नेपाली, भूगोल र वर्गले गर्व गर्न सक्नुपर्ने बताएका थिए ।

पुस्तकमा गणतन्त्र नेपालको पहिलो उपराष्ट्रपतिका रूपमा रहेका झाको जीवन भोगाइ समेटिएको छ । पुस्तकमा उहाँको सिङ्गो जीवनको कथा उल्लेख गरिएको छ । परिवार, देश, मधेश, न्याय, उपराष्ट्रपति लगायत विषयलाई तीन खण्डमा संग्रहित गरिएको छ । पुस्तकमा झाको बाल्यकाल, अध्ययन, न्याय क्षेत्रमा प्रवेश, राजनीतिक जीवन, पहिचानको मुद्दा, तीता मीठा अनुभव संलग्न गरिएको छ ।

## यो विधेयक कसरी राष्ट्रघात गर्दैन भनेर सम्झाउने प्रयत्न होस्



**जयप्रकाश प्रसाद गुप्ता**

सरकारमा रहेका मित्रहरू ! राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक यहाँहरूले पुनर्विचारका लागि संसदमा पेश गर्नु भएको छ ।

संसदको दुबै सदनबाट यस अघि यो विधेयक पास हुन दिनुमा माओवादी पार्टीको सहयोग रहेको हो । उपलब्ध संसदीय तिकडमका प्रयोगकर्ता एमालेको समेत उतिकै योगदान छ । यो जगजाहेर छ ।

अहिले मुलुक चुनावको दैलो टेकेको छ । कृतज्ञ राष्ट्रपतिले यस विधेयकलाई फिर्ता गरेर कुनै दललाई चुनावको मुखमा 'अयोध्याको राम जन्मभूमिमा रामललाको मन्दीर बन्न दिने' प्रकृतिको फैसला गरे झैं गुण लाएको हो । लगभग एउटै व्यहोराको अध्यादेश यसअघि राष्ट्रपतिले तक्षण जारी गर्नु र अहिले अस्वीकार गर्नुको पछाडीको मनशाय आदिका बारेमा यथेष्ठ प्रश्नहरू उठेका छन् । प्रश्नहरूको जवाफ दिनुपर्ने बेलामा 'पशुपतिनाथ सुन्दैन, राजा बोल्दैन' को शैली अहिले शितल निवासले अपनाउनु हुँदैन ।

मलाई लाग्दछ अहिले सरकारले हतारिएर यो विधेयक 'पुनर्विचार' हुन संसदमा पेश गरेको छ । देशको मानसिकतामा 'प्रायोजित राष्ट्रवादी'हरूको यौटा ठूलो हिस्सा बनेको छ । यिनीहरू पाखण्डी चरित्रका हुन् । छोरालाई भारतीय सेनाको गोर्खा रेजिमेन्टमा भर्ना गराएर गर्वको बखान गर्ने अनि सार्वजनिक जीवनमा गोर्खा भर्तीको विरोध गर्ने यिनीहरूको पाखण्डी चरित्रको द्योतक हो । तर, यिनको विरोध गर्ने शक्ति र राज्यलाई प्रभावित पार्ने ल्याकतलाई नकार्न सकिन्न । यिनको उपेक्षा गरेर यदि संसदले कुनै विधेयक पास गर्दछ भने यस समुदायले सर्वोच्च अदालतको सहयोगबाट त्यस सवालमा चुकुल लगाई दिन सक्छ । यसर्थ, यिनैका भावनानुगामी राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता गरेको साता नबित्दै, यसबारे फेरि मुलुक भित्र आम संवाद नगरी यदि सरकारले संसदीय तिकडमबाट फेरि यसलाई पास गर्दछ भने मेरो विचारमा यो बबुरा विधेयक अर्को कुवाँको मुखमा पुग्छ । सरकार जी, मानौं अहिले संसदमा यदि यथार्थमा एमाले-माओवादीहरू यस विधेयकको विरोधमा रहेको छ भने कसरी पास हुन्छ ? कुन बुताबाट पास गराउनु हुन्छ ? तर, पास हुन्छ । जसरी यसअघि पास गरिएको थियो । यसरी संसदीय तिकडमबाट पास गरिन्छ भने यो 'नागरिकता' यसपछि पाउने मधेशीहरूका लागि 'गोपालपाण्डे' को जाँच दिएर बि.सं. २०३२ पछि प्रवेशिका परीक्षा पास गर्नेहरूको हैसियतको प्रमाणपत्र हुन जान्छ । मिथिला बिश्वविद्यालयबाट पाएको शैक्षिक सर्टिफिकेट जस्तो ।

तर, सरकार र सरकारका सहयोगीहरूलाई पनि यसलाई पास गर्ने हतारो छ । चुनाव मुखमा छ, मधेशी पार्टीहरूको मुखमा माड हाल्नु जो छ । एमाले माओवादीहरूको पनि तिकडमी सहयोग रहन्छ नै । तर, बुझ्नुस् सवालहरूको अन्त्य हुँदैन । मधेशीका छोरा नातीहरूको यस्तो अवस्था आउने छ कि उनका नागरिकताको प्रमाणपत्र हेरेरै लोकसेवा आयोगबालाहरूले अन्तर्वार्ताबाट बेदखल पार्ने छन् । मेरो कुरा पत्याउन सकस हुन्छ भने याद दिलाउन चाहन्छु- नेपालमा नयाँ शिक्षा योजना लागू भएपछि भारतका बिश्वविद्यालयहरूबाट पास गरी नेपालमा उच्च शिक्षाका तहमा भर्ना लिन खोज्दा सोझै १० प्रतिशत नम्बर घटाइन्थ्यो । कलेज भर्नाबाटै तरिपार पारिन्थ्यो। यदि बिश्वास लागेन भने बुझ्नुस् तपाई 'बालेन पुस्ता' हो । जो भवनाको हुँडरी चलाएर चुनाव जित्न सक्नु हुन्छ । तर इतिहास बोधमा तपाई शून्य हुनुहुन्छ । तपाई संसदीय व्यवस्था भन्दा बरू राजाकै शासन ठिक ठान्ने भुत्तो मुर्ख त हुनु होला नि !

मेरो अनुरोध छ, सरकार फेरि एक पटक संझाउने प्रयत्न गर्नुस्, यो विधेयक कसरी राष्ट्रघात गर्दैन भनेर । काम त कठिन छ, तर गर्नुस् । यो दीर्घकालिक हुन्छ । भोटलाई मात्र न सोच्नुस् ।

## सम्पादकीय

# नागरिकताको खेती बन्द गरौं

जनता देश हो । जनता राष्ट्र हो । भूगोल मात्रै देश हुन सक्दैन । कुनै पनि आधुनिक देश एकल राष्ट्रियताको आधारमा सधैं बनिरहन सक्दैन । मानव सभ्यताको निर्माण र विकास नै घुमन्ते अवस्थाबाट भएको इतिहास साक्षी छ। युद्ध र आक्रमणको इतिहास हो । नेपाल यो विकास प्रक्रियाबाट एक्लिएर बस्न सक्दैन्थ्यो र सक्छ । कोही अघि आयो होला, कोही पछि आयो होला । यो सबै प्रक्रियाबाट गुज्रेर अहिलेको संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको अवस्था छ । राणा शासनको पतनयता अहिलेसम्म नागरिकताको राजनीतिक खेतीपाती भइआएको चर्चा राजनीतिक वृतको गतिविधिले पुष्टि गर्छ। राणाशासनका बेलादेखि अहिलेसम्मका नागरिकतासम्बन्धी प्रावधानहरूमा केही हेरफेर बाहेक आमरूपमा उस्तै प्रावधानहरू रहेको पाइन्छ । समस्या चुलिएको त्यतिखेरबाट हो जतिखेर जन्मसिद्ध नागरिकताको प्रावधान अध्यादेशबाट हटाइयो । नागरिकता प्रमाण पत्र वितरण नगरी, सीमालाई नियमन नगरी, नागरिकताको प्रावधान ठोस नगरी, नेपाल-भारत मैत्री सन्धिको राम्रा-नराम्रा पक्षको पुनरावलोकन ठिक ढङ्गबाट नगरी, सुकुम्बासीको लगत ठिक ढङ्गबाट तयार नगरी, जन्मसिद्ध नागरिकताको प्रावधान हटाइदिँदा समस्या बल्झिन पुगेको भनी बुझ्न सकिन्छ । नेपाल र भारत मैत्री सन्धिको आधारमा दुवै देशमा दुवै देशका जनता खुला आवत्-जावत्को सुविधाका आधारमा एक अर्का देशको नागरिकसरह बस्न पाउने प्रावधानअन्तर्गत बस्न थालेको चलनले पनि समस्या बल्झिएको हो कि कतिपयको बुझाइ छ । यस विषयमा दुवै देशले ठिक ढङ्गले बस्नेहरूको नियमन ठोसरूपमा नभएकाले पनि समस्या बल्झिएको हो कि भन्ने बुझाइ पनि रहेको पाइन्छ । तर जुन किसिमले र जुन परिमाणमा भारतीयहरूले नागरिकता लिएर बसे भन्ने कुरो छ । त्यो कुरो तथ्याङ्कले सही भन्दैन । तर पनि भारतीयहरूले नागरिकता लिएर बसे भन्ने कोहोकोलो गर्ने गरिएको पाइन्छ । तर, वैवाहिक सम्बन्धका आधारमा आउने जाने चलन पनि छ । पुरूष प्रधान विद्यमान समाज रहेकाले ससुरालीमा गएर बस्ने प्रवृति कम हुन्छ । त्यसैले भारतीयहरू नेपाल आए भन्ने कुरो सांस्कृतिकरूपले सही भन्न मिल्दैन । नेपालको विभिन्न क्षेत्रको विकासमा सघाउन आएका भारतीयका कतिपय परिवारको बसोबास यहीँ भएर र उनीहरूलाई यहीँ बस्न पाउने

**राजनीतिक दलहरूले यो विषयमा राजनीति गरिरहँदा अन्तरिम संविधानमा पुरानो जन्मसिद्धको प्रावधान ब्युँत्याएर दिइएको नागरिकतासँग जोडिएका वास्तविक नेपालीहरू नागरिकताबाट वञ्चित भइरहने अवस्था विद्यमान छ ।**

व्यवस्थाअन्तर्गत बसेकाहरूको बसाइलाई त्यसो भनिएको बुझाइ हो भन्ने त्यो कुरो भिन्नै हुने भयो । त्यसैले होला विगतका नागरिकता सम्बन्धी प्रावधानमा विवाह गरी आउने महिलाको हकमा नागरिकता दिनका लागि यतिका वर्ष पछि मात्र दिने चलन नराखिएको हुन सक्ने कारण बुझ्न सकिने विषय भयो । आमाको नामबाट सहजरूपमा दिन हुने र पर्ने नागरिकताको सम्बन्धमा बनाइएको प्रावधानबारे विवाद रहेको छ । छोराले जोसुकैसँग बिहे गरे उसको सन्तानलाई वंशजको आधारमा दिन सकिने तर छोरीले जोसुकैसँग बिहे गरे उसको सन्तानलाई दिइने नागरिकतबारे गरिएको विभेदसम्बन्धी विवाद हो । यसरी विवादको समाधान गर्ने विषयमा संविधान जारी भएर चुनिएको नयाँ संसद र सरकारको विगत तीन वर्षसम्म राजनीति दलहरूले राजनीति गर्दै आए । घडी यो भएन । घडी त्यो भएन । भन्दा-भन्दै एक अर्काले राजनीति गरी नागरिकता विधेयक संसदमा ल्याइएन । यसअघि यसको समाधानका लागि अध्यादेश ल्याइयो । सोही अध्यादेश अनुसारको प्रावधान राखी वर्तमान सरकारले ल्याएको नागरिकता विधेयक राष्ट्रपतिबाट फिर्ता पठाइएको छ। राष्ट्रपतिबाट फिर्ता पठाइएको उद्देश्य भनेको यसको समाधान गर्नु रहेको देखिन्छ । छोरा छोरीलाई समान अधिकार दिने कुरा होस् वा पितृव्यको ठेगान नभएको व्यक्तिलाई दिइने आधारमा दिनुपर्ने नागरिकता लगायतका विषयमा रहेका विवादबारे राष्ट्रिय सहमति बनाउनुपर्ने आवश्यकता बोध गराउनु आफैमा राष्ट्रपतिको फिर्ता कदमलाई गलत भन्न नसकिने अवस्था भएपनि समय अनुकूल भएन । राजनीतिक दलहरूले यो विषयमा राजनीति गरिरहँदा अन्तरिम संविधानमा पुरानो जन्मसिद्धको प्रावधान ब्युँत्याएर दिइएको नागरिकतासँग जोडिएका वास्तविक नेपालीहरू नागरिकताबाट वञ्चित भइरहने अवस्था विद्यमान छ । अन्तरिम संविधानबाट सो प्रावधानअन्तर्गत पाएकाहरूको सन्तानलाई नागरिकता दिने विषयमा हालै केही महिनाअघि मात्र पनि सर्वोच्च अदालतबाट फैसला भएको थियो । त्यसअन्तर्गत नागरिकता प्रमाण पत्रको अभावमा तिनका अन्य अधिकार वञ्चित हुन नसक्ने गरी फैसला भएको थियो । यी सबै प्रसङ्गमा विदेश महिलाको हकमा नागरिकता दिन ७ वर्ष राख्ने कि १४ वर्ष राख्ने त्यो विषयमा गरिने विवादले तिनको अधिकार वञ्चित हुने त हुनै नभयो, त्योसँगै जन्मसिद्धका सन्तानहरूको अधिकार पनि कुण्ठित हुन पुग्ने अवस्था आएको हो । सरकारले राष्ट्रपतिलाई सो नागरिकता विधेयक जस्ताको त्यस्तै फिर्ता पठाउने निर्णय गरेको छ । सरकारले निर्णय गरेअनुसार नागरिकता विधेयकमा राष्ट्रपतिले प्रमाणीकरण गरेपछि वितरण गरिने नागरिकताहरूले समग्र समस्याको समाधान नगर्ने पक्का हो । तर पाउनुपर्नेले पाउने छन् । यस्तोमा बाँकी रहेका पक्षहरूमा समयानकूल छोरा छोरीमा विभेद नहुने गरी त्यसका आधारमा राष्ट्रिय सहमति बनाउनुपर्ने आवश्यकता रहेको छ। यस्तो नगरिए देश, जनता र राष्ट्रियतासम्बन्धी सही बुझाइ स्थापित हुन सक्दैन । नागरिकताको नाममा राजनीतिक खेतीपाती सञ्चालन गर्ने काम बन्द गर्नुपर्ने आवश्यकता रहेको छ । यसका लागि सबै सहमत हुनुपर्ने छ । नागरिकताको नाममा भइआएको राजनीतिले निम्त्याउने अनिष्ट हुन नदिन यसका नाममा भइआएको राजनीतिक खेतीपाती बन्द गरौं । आधुनिक र विकसित देशको बाटोमा भविष्यमुखी राजनीतिको बाटो पहिल्याऔं ।

# आउनै लागेको नागरिकता दुर्घटनाग्रस्त भयो

**विचार - विश्लेषण** भाग-१४७



**उपेन्द्र झा**

**समय सीमा न तोकेर अंगीकृत नागरिकता वितरण गर्दा देश फिजीकरणमा जाने कट्टरपन्थीहरूको तर्क छ । तर ७ वर्षपछि यो देश फिजी बन्ने हो कि होइन, यसबारे उनको कुनै उत्तर छैन । नागरिकता प्राप्त गर्ने जटिल प्रक्रिया, आवत् जावत्मा देखिएको अनेक व्यवधानका कारण तथा भाषाका कारण अब सीमापार विवाह, शादी गर्ने चलन धेरै कम भएको छ । फिजीवालाको ध्यान यसतर्फ गएको छ कि छैन ।**

संसदको दुबै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष गएको बहुप्रतीक्षित नागरिकता विधेयक ९ बुन्दा सुझाव सन्देशका साथ प्रतिनिधी सभामा पुनरावलोकन गर्न फिर्ता पठाईएको छ। ९ बुन्दा यी हुन् :- १. नागरिकता कानून बनाउँदा ऐतिहासिक पक्षहरूको समग्र अध्ययन आवश्यक, २. नागरिकताका सिद्धान्तहरूमा थप स्पष्टताको खोजी गर्नु पर्ने, ३. अंगीकृत नागरिकताको विषयलाई स्थाई रूपमा समाधान गरिनु पर्ने, ४. प्रतिनिधी सभाको राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा चासो, ५. मधेशको भावना सम्बोधन, ६. स्वघोषणाबारे गम्भीर ध्यानाकर्षण, ७. प्रादेशिक पहिचनाबारे संविधानको व्यवस्था ऐनमा नदेखिएको, ८. ओली सरकारले जारी गरेको नागरिकता अध्यादेश स्वीकृत गरेको विषयमा प्रष्टीकरण, ९. नागरिकता कानून बनाउन ढिलो गर्नु हुँदैन ।

मंगलवार बालुवाटारमा बसेको गठबन्धनको बैठकले राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक राजनीतिक प्रेरित छ निष्कर्ष निकाल्दै जस्ताको त्यस्तै अगाडि बढाउने निर्णय गरेको छ । कानूनमन्त्रीले फिर्ता आएको विधेयकमा सरकारको तर्फबाट कुनै संशोधन नहुने भन्दै विहीवार प्रतिनिधी सभामा छलफल गराएर भाद्र ६ गते राष्ट्रिय सभाको बैठकमा पेश गर्ने सरकारको तयारी छ भन्ने जानकारी गराएको हो ।

नागरिकता विधेयकलाई प्रमाणीकरण नगरि फिर्ता पठाएको कदमको चारैतिर व्यापक विरोध भई रहेको खबर सार्वजनिक भई रहेको छ । कट्टरपन्थीहरू राष्ट्रपतिको कदम सराहनीय भएको उत्सव मनाई रहेको छ भने सरोकारवाला आन्दोलनमा उत्रेका छन् । गठबन्धन सरकार पनि नागरिकता विधेयक फिर्ता आएकोमा रूष्ट भएका छन् । जस्ताको त्यस्तै अवस्थामा दुबै सदनबाट अनुमोदन गराई सरकारले पुनश्च राष्ट्रपतिकहाँ पठाउने तयारी गरेको छ ।

तत्कालीन ओली सरकारमा समान आशयको नागरिकता विधेयक अध्यादेशको रूपमा राष्ट्रपति समक्ष प्रस्तुत हुँदा त्यतिखेर राष्ट्रघातको कुनै आशंका राष्ट्रपतिज्यूलाई परिलक्षित भएन । एमाले प्रतिपक्षमा जाँदा सोही विधेयक राष्ट्रघातीको रूपमा परिभाषित कसरी भयो ? नागरिकताको एउटै विधेयकमा राष्ट्रपतिको दुई भूमिकाबाट अहिले अनेक शंका उपशंकालाई जन्माएको छ । नागरिकता विधेयक फिर्ता जानु राजनीतिक प्रेरित रहेको सर्वत्र चर्चा भई रहेको छ ।

जनता प्रगतिशील पार्टीका प्रमुख हृदयेश त्रिपाठीले पनि यो विधेयक राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता आउनु दुर्भाग्यपूर्ण भएको बताएका छन् । केमा पुनर्विचार गर्ने यो अलि उल्लेख भएन, हामीले हेर्दाखेरि संविधान मै लेखिएका भाषा र संविधान मैं भएको व्यवस्था अनुसार संसदले पारित गरेको हो । हामी स्वयं सरकारमा हुँदाखेरि सम्माननीय केपी शर्मा ओली ज्यू प्रधानमन्त्री हुँदाखेरि अध्यादेश जारी गरेका थियौं । त्यो अध्यादेश राष्ट्रपतिबाट एक घण्टाभित्रै स्वीकत भएको थियो बताएका छन् ।

कट्टरपन्थी बुद्धिजीवीहरूको संगठित टोली लगातार राष्ट्रपतिलाई नागरिकता विधेयक सोझै पास नगर्न दबाव दिई रहने तथा एमालेको प्रत्यक्ष दबावले राष्ट्रपति स्वविवेक प्रयोग गर्न स्वतन्त्र देखिएन । नागरिकता विधेयकलाई रोक्न नाकारात्मक धारणा परिलक्षित नहोस् भनेर राष्ट्रपति पीडित पक्षको लागि अति सम्वेदनशील देखिएको छ । राष्ट्रपतिले मधेशप्रति विशेष चासो राख्नु (सकारात्मक कि नकारात्मक ?) धेरै महत्वको कुरा हो । अविलम्ब नागरिकता उपलब्ध गराई दिने सरकारलाई दिएको निर्देशनबाट पीडित पक्षप्रतिको सद्भाव त्यसै झलकिन्छ । अंगीकृत नागरिकतामा समय सीमा तोक्न सरकारलाई सचेत गराएकोबाट राष्ट्रलाई (कट्टरपन्थीको फिजीकरणबाट) जोगाएको पनि देखिन्छ । बडो चात्तुर्य ढंगले नागरिकता विधेयक फिर्ता गरेर मातृ संस्थाप्रतिको पनि विश्वास जोगाउन सफल देखिएको छ ।

नागरिकता विधेयक राष्ट्रपतिबाट फिर्ता जानुको कारण विगतको पृष्ठभूमिमा खोतल्न जरूरी देखिन्छ । गठबन्धन सरकारले दल विभाजनको अध्यादेशमा २० प्रतिशतको प्रावधान राखेर एमालेबाट विभाजित नेकपा ( एकीकृत समाजवादी) र जसपाबाट विभाजित लोसपालाई अस्तित्वमा ल्याएको कदमबाट रूष्ट बनेको एमाले स्थानीय चुनावमा दोश्रो स्थानमा झर्दा गठबन्धन सरकारप्रति कठोर नै बन्न पुगे । राष्ट्रपतिको कदममा एमालेको प्रभाव सोझै परिलक्षित रहेको अडकल लगाउन कठीन छैन । ओली आफूले ल्याएको नागरिकता अध्यादेश ठीक थियो, तर सोही नागरिकता विधेयक गठबन्धनको सरकारले ल्याउँदा बेठीक कसरी भयो । असलमा एमालेलाई सबै दलहरूले सत्ताबाट पदच्यूत गरि प्रतिपक्षको भूमिकामा पुऱ्याउनु, स्थानीय चुनावमा एक्लै पारि दोश्रो स्थान दिनु, आसन्न प्रतिनिधी सभा र प्रदेश सभाको चुनावमा पनि एमाले एक्लै भएकोले यो आघातको प्रतिशोध नागरिकता विधेयकमा परिलक्षित भएको हो ।

नागरिकता कट्टरपन्थीहरूको लागि आँखाको किरकिरी हो । जहिले पनि नागरिकतालाई मधेशसंग जोडेर हेर्ने कट्टरपन्थीहरूको कठोर घृणात्मक व्यवहार अभिव्यक्त भई रहन्छ । संविधान बनेको ७ वर्ष भयो, नेपालीहरूले पाउने नागरिकता पाएको छैन । लाखौं नागरिकहरू नागरिकताबिना निष्क्रिय जीवन जीउन बाध्य छ तर पनि सरकारलाई आफ्नो नागरिकलाई नागरिकता दिने दायित्वबोध छैन । कानूनले दिन चाहेपनि कट्टरपन्थीहरूको बदनियतिपूर्ण रोक्ने प्रयासले नागरिकता विधेयक पास हुन सकेको छैन ।

समय सीमा न तोकेर अंगीकृत नागरिकता वितरण गर्दा देश फिजीकरणमा जाने कट्टरपन्थीहरूको तर्क छ । तर ७ वर्षपछि यो देश फिजी बन्ने हो कि होइन, यसबारे उनको कुनै उत्तर छैन । नागरिकता प्राप्त गर्ने जटिल प्रक्रिया, आवत् जावत्मा देखिएको अनेक व्यवधानका कारण तथा भाषाका कारण अब सीमापार विवाह, शादी गर्ने चलन धेरै कम भएको छ । फिजीवालाको ध्यान यसतर्फ गएको छ कि छैन ।

नागरिकता लिने मधेश हो र यसले विदेशीलाई वितरण गर्ने कट्टरपन्थीको बिकृत मानसिकताका कारण अनेक बाधा अडचन झेल्दै यो नागरिकता विधेयक फेरि एकपल्ट संसदमा फिर्ता आएको छ । हेरौं यहाँ कट्टरपन्थीहरूको नाटकीय भूमिका कस्तो हुन्छ ? सरकारले त हूबहू नागरिकता विधेयक दुबै सदनबाट पास गराएर राष्ट्रपति समक्ष पुनः पठाउँछौं भनेको छ । तर जडसूत्रवादीहरूको दाव पनि अनेक रहेकोले यो विधेयकले अब कस्तो झटारो खेप्नु पर्ने हो, प्रतीक्षा गरौं ।

janukjha24@gmail.com

# पूर्वराज्यमन्त्री एवं माओवादीका नेता यादव एमाले प्रवेश

काठमाडौं । पूर्वराज्यमन्त्री एवं नेकपा माओवादी केन्द्रका प्रभावशाली नेता रामसिंह यादव नेकपा एमाले प्रवेश गरेका छन् ।

माओवादी केन्द्रका केन्द्रीय सदस्यसमेत रहेका नेता यादवले आइतबार एमाले पार्टी कार्यालयमा अध्यक्ष केपी शर्मा ओलीको हातबाट टिका र खादा लगाएर सो पार्टीमा प्रवेश गरेका हुन् ।

यादव ०७४ सालको भदौमा माओवादीबाट स्वास्थ्य राज्यमन्त्री बनेका थिए । ०६९ साल नेकपा एमाले छोडेर माओवादी केन्द्रमा गएका यादव पुनः एमालेमा फर्किएका हुन् ।

०४० सालदेखि एमालेलाई बलियो खम्बा बनाएर आफ्नो राजनीतिक यात्रा अगाडि बढाउँदै एमाले पार्टीका विभिन्न समस्या भएका कारण पार्टी छोडेर माओवादी केन्द्रमा गएका थिए ।

'लामो समय एमालेमै रहेर काम गरें', उनले भने, 'बीचमा केही समस्या उत्पन्न भएपछि एमाले छोडेर माओवादीमा गएको थिएँ ।' अब फेरि आफ्नो पूरानो घरमा फर्केको उनले बताए ।

'म माओवादीमा रहिरहँदा मैले देखेको त्यहाँको अस्तव्यस्त अवस्थाले न



कम्यूनिस्ट आन्दोलनलाई, न त नेकपा माओवादी केन्द्रलाई नै बनाउँछ । कम्यूनिस्ट आन्दोलनलाई हाँक्न सक्ने, कम्यूनिस्ट पार्टीलाई एकरूपता बनाउन सक्ने क्षमता नेकपा ऐमालेसँग मात्र छ', उनले भने, 'त्यसैले म एमालेमै पुनः फर्केको हुँ', यादवको भनाइ छ । नेता यादवसँगै ३२ जना नेता तथा कार्यकर्ताले माओवादी परित्याग गरी एमालेमा प्रवेश गरेका छन् ।

## मधेश प्रदेश ट्राफिक प्रहरीद्वारा २२ करोड राजस्व सङ्कलन

बारा, १ भाद्र । मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया बाराले आर्थिक वर्ष २०७८/७९ मा २२ करोड ४४ लाख राजस्व सङ्कलन गरेको छ । सवारी नियम उलङ्घन गर्ने दुई लाख ६४ हजार ९१० साना ठूला सवारीसाधनका चालकलाई दण्डजरिवाना गरी उक्त रकम असुल गरिएको हो ।

मधेश प्रदेशका ८ जिल्लाका ट्राफिक प्रहरी कार्यालयबाट गत आवमा सवारी नियम उलङ्घन गरी दण्डजरिवाना असूल गरिएको प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिएका छन् । सो क्रममा ९९ हजार ३५८ ट्रक चालकबाट रू ११ करोड ५२ लाख ४३ हजार, ७६ हजार ७१३ मोटरसाइकल चालकबाट रू चार करोड ९५ लाख ७५ हजार तथा ४७ हजार ५०५ कार, जीप र भ्यान चालकबाट रू तीन करोड २० लाख राजस्व असूल गरिएको छ ।

यसैगरी १५ हजार ५४० ट्याक्टरका चालकबाट ९६ लाख, १३ हजार ४२० टेम्पु चालकबाट ९० लाख ६४ हजार र ११ हजार ६७७ बसका चालकबाट ८९ लाख २० हजार दण्डजरिवाना गरी राजस्व दाखिला गरिएको कार्यालयले जनाएको छ ।

# जनता–जनताबीचको विभाजनरेखा मोटो हुने क्रम बढ्यो

भित्रभित्रै मेलोमितो गरी 'चुनावी स्टन्ट'को निमित्त नाटक मात्र गरिएको प्रमाणित हुन्छ । मधेशीलाई सत्ता गठबन्धनले ठगेर भ्रमित गर्ने र एमाले पहाडमा उग्रराष्ट्रवाद चर्काउने मेलोमितो रहेको थियो भन्ने प्रष्ट हुन्छ ।



## वृषेशचन्द्र लाल

### अध्यक्ष, तराई–मधेश लोकतान्त्रिक पार्टी

**० नेपाल नागरिकता संशोधन विधेयक, २०७९ राष्ट्रपतिबाट फिर्ता गरिएको विषयलाई लिएर यहाँहरूले राष्ट्रपतिको बिरोध गरिरहनु भएको छ । किन ?**

– राष्ट्रपतिले नियतवश नागरिकता संशोधन विधेयक फिर्ता गरेकी हुन् । यस सम्बन्धी अध्यादेशलाई सेकेण्डमै स्वीकृत गर्ने र त्यही संसदबाट कानून बनेर प्रमाणीकरणको लागी आएपछि फिर्ता गर्ने कहाँको नैतिकता हो ? संविधानले अधिकार दिए पनि नैतिकता र प्राकृतिक न्याय सिद्धान्तको पनि महत्व र अर्थ हुन्छ । वास्तवमा सबभन्दा बढी महत्व नै यसैको हुन्छ । देशको राष्ट्रपति भनेको राष्ट्रको प्रतीक हो र यो भन्नाले उच्च नैतिक आचरण, प्राकृतिक न्याय सिद्धान्तको कसीमा संविधानको पालना र संरक्षण, देशका जनतामा एकताको भावनाको अभिवृद्धिप्रति प्रतिवद्धता र योगदान, राष्ट्रपतिको मूल प्राथमिकता हुनु पर्दछ । यस सन्दर्भमा संविधानमा त्रुटि छ वा कठिनाईहरू छन् भने अन्य अवसरमा मर्यादित सुझाव दिनु राष्ट्रपतिको कर्तव्य हुन्छ । यी सबै कुरालाई विचार गर्दा राष्ट्रपतिको यो कदम एकदमै आपत्तिजनक छ । संवेदनहीनताको पराकाष्ठा नै देखिन्छ । सारांशमा, राष्ट्रपति कुनै दलको, खास समूहको, खास राजनीतिक स्वार्थको नै देखिन खोजिनुभएको देखिन्छ ।

राष्ट्रपति मधेश र नागरिकता विहिन नेपालको जनताको राष्ट्रपति नै हुनुहुन्न भन्ने मानसिकता आम जनतामा दरिलोसंग प्रवेश गर्यो । एउटा पक्षले राष्ट्रपति हाम्रा बिरोधी हुन् भन्ने महशूस गर्यो भने अर्कोले राष्ट्रपति हाम्रो र हाम्रो मात्र हुन् भनेर खुशी मनाए । आखिर दुबैतिरबाट उनी एकपक्षीय हुन् भन्ने कुरा नै प्रमाणित भयो । यसले जनता-जनताबीचको विभाजनरेखा मोटो हुने क्रम बढ्यो । द्वन्द्व चर्किने थप तत्व सृजित भयो । यसरी नियतवश नागरिकता संशोधन विधेयक फिर्ता भएको छ । आगामी चुनावलाई उग्रराष्ट्रवादतिर फेरि-फेरि धकेल्नु नै यसको उद्देश्य हो । राष्ट्रपतिको यस्तो आचरण देशको निमित्त कदापि उपयुक्त छैन । यसको कडा बिरोध हुनु पर्दछ । हाम्रो बिरोधको यही कारण हो ।

**० राष्ट्रपतिले विभिन्न संवैधानिक, कानूनी, राजनैतिक विज्ञहरूसंग सल्लाह गरेर यस्तो कदम चाल्नु भएको हो, भनिन्छ ।**

– हाम्रो दुर्भाग्य के हो भने अधिकांश स्थितिमा न्याय, कर्मचारीतन्त्र, कूटनीति, परामर्श, योजना लगायत सबै क्षेत्रमा पात्रको चयन नाता, सम्बन्ध, दल, लाभ, जागिर दिने मानसिकतामा आधारित हुन्छ । योग्यता र देशको आवश्यकता अनुसार समर्पित भएर जिम्मेदारी लिने दिने आधार नै हुँदैन । विज्ञ भनेको जानकार हो । कुनै प्रमाणपत्र भएको वा खास उमेर पुगेको अथवा येनतेन केही वर्ष काम गरेको आधारमा विज्ञको पदवी दिन मिल्छ र ? हामी कहाँ यही भएको छ र यही हुने गर्छ । देशको यस्तो हविगतको यो एउटा प्रमुख कारण हो नत्र भने देश चाहिएको बाटोमा हिडिसक्थ्यो । वहाँलाई सल्लाह दिने पनि त्यस्तै होलान् । कर्मकाण्डी सल्लाह लिएको दिएको पनि हुन सक्छ अथवा सल्लाह लिएको देखाउने काम मात्र गरिएको पनि हुन सक्छ । जे होस्, सल्लाह लिएर गरिए पनि यो कदम बिलकुल गलत हो । यस्तो सल्लाह दिइएको हो भने त्यो पनि त्यतिकै गलत हो ।

**० राष्ट्रपतिले विधेयक फिर्तासंगै धेरै प्रश्नहरू उठाउनु भएको छ । संदेशमा उठाइएका विषयहरूबारे के भन्नुहुन्छ ?**

– ती सबै सैद्धान्तिक हुन् । विधेयक प्रमाणीकरणको अवस्थामा विधेयक संविधान विपरित त छैन भनेर राष्ट्रपतिले हेर्ने हो । सैद्धान्तिक विषयहरू यहाँ उठाउने होइन । यी सबैबारे संसदमा बहस भएकै हो । गोष्ठीहरूमा उठेकै हो । नागरिकता सम्बन्धी विषयमा लगातार बहस भइरहेको छ, भइरहनेछ । पछि पनि सुधार हुनसक्छ । लैङ्गिक विभेद, नारीत्वको सम्मान, शिशुको अधिकार, आदिको बारेमा संविधानमै धेरै कमीकमजोरी छन् । हामी शुरूदेखि नै उठाइरहेका छौं । राष्ट्रपति संविधासभाको सदस्य हुँदा यो संविधान जारी गरिएको थियो । वहाँले संविधानलाई सर्वोत्कृष्ट भन्नु भएको थियो । कार्यान्वयनको कुरा लगभग हरेक दिन बोल्ने गर्नुहुन्थ्यो । तर, वास्तविकता के हो भने संविधान ठीक छैन, सर्वस्वीकार्य छैन । वहाँलाई महशूस भएको हो भने राम्रो हो । राष्ट्रपतिको नियमित रूपमा सरकार प्रमुखसंग भेट हुन्छ । सत्ता वा विपक्षी दलका नेताहरूसंग पनि भेट हुन्छ । वहाँले यी सैद्धान्तिक विषयहरूबारे राष्ट्रपतिको मर्यादामा रहेर कहिल्यै उठाउनु भएको जनतालाई थाहा छैन । संदेशमा लेखिएका सबै कुराहरू फगत शब्दावली भर्न लेखिएका हुन् । नियत भनेको केही गरी फिर्ता गर्नु हो । लटकाउनु हो । कानून बन्न न दिनु हो ।

**० विधेयक फास्ट ट्र्याकमा पास गरियो, होइन ?**

– नेपालको संविधान नै फास्ट ट्र्याकमा जबर्जस्ती मधेशी जनताको बिरोधलाई क्रूर दमन गर्दै, मधेशीहरूको मांगलाई विदेशीको स्वर भनेर चोच्याई पास गरिएको हो । त्यसकारण, त्यसो भन्नेहरू पहिले मूल कानूनको बारेमा बोल्ने साहस बटुल्नु पर्दछ । जहाँसम्म नागरिकता विधेयकको कुरा हो यो फास्ट ट्र्याकमा पास भएको होइन । विधेयक वर्षौं संघीय संसदमा रह्यो तर छलफल टुङ्गिएन । विधेयक बमोजिमकै अध्यादेश आयो । सर्वोच्चले स्वच्छ र निष्पक्ष न्याय सम्पादन नगरी राजनीतिक नियतले निरस्त गरिदियो । अनि यो विधेयक ल्याइयो । पहिलेको विधेयक, अध्यादेश जस्तै । प्रक्रिया अनुसार पारित भएको हो । विचार गरियोस् भन्ने प्रस्ताव पारित भएर, संशोधन राख्न समय दिइएर, हरेक संशोधनबारे सदनले प्रक्रिया अनुसार निर्णय गरेर पारित भएको हो । राष्ट्रियसभाले पनि प्रक्रिया पूरा गरेको हो । अनि कसरी फास्ट ट्र्याकमा भयो ?!

**० यस अघि समितिले दिएको प्रतिवेदनमाथि छलफल भएन । समितिमा पुनः छलफलको निमित्त पठाइएन भनेर कुरा उठिरहेको छ नि ?**

– समिति संविधानको व्यवस्थाभन्दा बाहिर गएको थियो । समितिले संविधानमा नभएका प्रावधानहरू प्रस्तावित गरेको थियो । संविधानमा भएका प्रावधानलाई सहज गर्न कानून बनाउने काम हुन्छ । संविधानमा नभएका प्रावधान थुपार्न होइन । कसैको लहर, इर्ष्याले कानून बन्दैन । संविधानले नभनेको कुरा कानूनमा राखियो भने बदरभागी हुन्छ । धारा ११को (६) मा नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ भनेको छ । चाहेमा भनेको चाह्ने बितिक्कै भनेको हो । संघीय कानूनले त्यसको सहज प्रक्रिया बनाउने हो । तर समितिले ७ वर्षे प्रावधान ल्यायो । किन ल्यायो सबैलाई थाहा छ । यो गलगाँड भयो । त्यसैले विधेयक नै फिर्ता लिएर पारित गर्ने विकल्प सरकारले रोज्यो । हामीले त प्रतिवेदन बहुमतले खारेज गरेर पारित गर भनिराख्या थियौं । अब विधेयक नै फिर्ता लिएपछि प्रतिवेदनको अस्तित्व रेकर्डमा मात्र रह्यो मतलब भएन । त्यसपछि वैकल्पिक प्रक्रिया अन्तर्गत पारित गर्ने सहमति भएको हो । यसलाई फास्ट ट्र्याक भन्न सकिन्न ।

**० तपाईहरूसंगै जसपा, लोसपा, काँग्रेस पनि सडकमा छन् । खुशी लाग्यो होला ?**

– हो, खुशी लागेको छ । सडकमा आए । तर सतर्क रहनु पर्दछ । यो चुनावी नौटंकी मात्र हुन सक्छ । प्रबल विरोधलाई न्यूनीकरण गर्ने षडयन्त्र पनि हुन सक्दछ । जो सत्तामा रहेका छन् उनले त पास गराउने काममा लाग्नु पर्छ । नागरिकतालाई लिएर एउटा पार्टीले केपी ओलीलाई काँग्रेस र एमाले दुबैको महाधिवेशनमा धन्यवाद दिएको थियो । अहिले केपी ओलीसर सर काट्ने काम गर्नु भएको छ । त्यस्तो धोखा नहोस् भनेर वहाँहरू पनि सावधान रहनु जरूरी छ । नत्र जिम्मेवारी हामी सबैले पनि बोक्नु पर्दछ ।

**० एमालेले साझा धारणा बनाउने प्रस्ताव गरेको हो । के भन्नुहुन्छ ?**

– यो जालझेल हो । साझा धारणा बनाउने नाममा रोक्ने षड्यन्त्र हो । राष्ट्रपतिले कुन नियतले फिर्ता गर्नु भयो त्यसको यथार्थ यसले प्रष्ट्राउँछ । सरकारले यसै विधेयकलाई फेरि र शिघ्र टेबुल गरी यसभन्दा अघिकै प्रक्रियामा पारित गराउनु पर्दछ । होइन भने, भित्रभित्रै मेलोमितो गरी चुनावी स्टंटको निमित्त नाटक मात्र गरिएको प्रमाणित हुन्छ । मधेशीलाई सत्ता गठबन्धनले ठगेर भ्रमित गर्ने र एमाले पहाडमा उग्रराष्ट्रवाद चर्काउने मेलोमितो रहेको थियो भन्ने प्रष्ट हुन्छ । सत्ता गठबन्धनले छिटै टेबुल गर्ने निर्णय गरेको भन्ने खबर आइरहेको छ । हेरौ, गर्छ, गर्दैन । मलाई लाग्छ, सरकारले पुन: टेबुल गरिसकेपछि एमालेसंग पनि समर्थनको निमित्त जनताले थाहा पाउने गरी कुरा गर्नु पर्दछ । ठाकुरजीको केपी ओलीसंग राम्रो छ । वहाँले ओलीजीलाई कन्भिन्स गर्ने प्रयास गर्नु भयो भने राम्रो हुन्छ । एक पटक गर्नु भएको थियो । शायद, फेरि गर्दा केही राम्रो होला कि ?

आफ्नो नागरिकलाई नागरिकताविहिन राख्ने कोही लोकतन्त्रवादी होइनन्, कोही समाजवादी वा साम्यवादी होइनन् । यस्तो चरित्र नाजीवादकै हुन्छ ।

# नागरिकतामा झुठो प्रोपागाण्डा मच्चाएर भ्रम फैलाइएको छ

यसअघि सरकारमा हुँदा एमालेले नागरिकता विधेयक किन पारित गराउन सकेन त ? त्यतिखेर पारित गराउन सक्नुपर्दथ्यो नि ? अहिले झुठो प्रोपोगाण्डा मच्चाएर जनतालाई भ्रमित गर्ने काम भइरहेको छ । एमाले दुई थरिको राजनीति गर्ने सोचमा छ । तराई तिर जाँदा नागरिकता बनाइदिन्छौं । अनि यतातिर आउँदा भारतीयलाई नागरिकतामा रोक लगायौं भनेर भ्रमित गर्ने काम गर्दै आएको छ ।



## ई.ईन्द्रजीत साफी

### अध्यक्ष, नागरिकताविहीन संघर्ष समिति

**० राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता गरिदिएपछि तपाईंहरू आन्दोलन चर्काउँदै लैजानुभएको छ । किन यति उग्र बन्नुभएको हो ?**

– किन उग्र नहुने ? किन उग्र नहुने ? मानिसको जिन्दगीसँग जोडिने सबैभन्दा ठूलो प्रमाण भनेको परिचयपत्र हो । हाम्रो बुवा आमा नेपाली नागरिक हुन् तर तिनका सन्तान हामी चाहिँ अहिलेसम्म नागरिकता नपाउनु यो देशको सबैभन्दा दुर्भाग्यपूर्ण कुरा हो । बुवा आमा नेपाली नागरिक तर सन्तान कहाँको नागरिक ? हामी राष्ट्रपतिको विरोधमा जानुको पछाडि धेरै कारणहरू छन् । २०७८ जेठ ९ गते राष्ट्रपतिले नै अध्यादेश जारी गर्नुभएको थियो । ढलिसकेको केपीशर्मा ओलीको सरकार बचाउनका लागि उहाँले अध्यादेश ल्याउनुभएको थियो । त्यही अध्यादेशबमोजिक अहिले सत्ता गठबन्धनको सरकारले विधेयक ल्याउँदाखेरि किन प्रमाणीकरण गरिएन ? उहाँलाई फिर्ता नै पठाउने मनसाय थियो भने अन्तिम समयमा किन पठाइयो । दुई-चार दिन पनि त पठाउन सकिन्थ्यो । लाखौं खर्च गरेर राष्ट्रपति कार्यालयमा धेरै विज्ञहरू राखिएका छन् । ती विज्ञलाई दुई चार पानाको विधेयक पढ्न यतिको समय लाग्छ ? मुख्यकुरा के छ भने उहाँले ल्याएको अध्यादेशबमोजिक यो विधेयक ल्याउँदा किन फिर्ता ?

**० राष्ट्रपतिले विधेयक फिर्तासँगै दिएका सन्देशहरूलाई कुन रूपमा लिनुभएको छ ?**

– दुवै सदनमा जनप्रतिनिधिहरू छन् । दुवै सदनले त्यतिकै त बहुमतले पारित नगरेको होला ? प्रतिपक्षी दलहरूसँग भेटवार्ता गरेर सरकारले विधेयक ल्याएको थियो । राष्ट्रपतिले फिर्ता पठाइसकेपछि गठबन्धनको बैठकले जस्ताको त्यस्तै बहुमतले पारित गराउने सहमति पनि भइसकेको छ ।

**० तर, राष्ट्रपतिबाट दिइएका सुझावलाई कुन रूपमा लिनुभएको छ ?**

– बुवाले नागरिकता बनाउँदा घोषणा गर्नुनपर्ने तर आमाले घोषणा गर्नुपर्ने यस्ता कुराहरू राष्ट्रपतिबाट सुझावका रूपमा आएका छन् । मलाई पनि लाग्छ । पुरूषले नागरिकता बनाउन जाँदा दिइएको अधिकार महिलाको पनि हुनुपर्छ । हामी पनि चाहन्छौं । अब सरकारले यसलाई कुन रूपमा अघि बढाउँछ त्यो हेर्न बाँकी नै छ ।

**० केपी ओलीको सरकार हुँदा राष्ट्रपति किछै प्रमाणीकरण गरिदिने अनि देउवा सरकारले पठाएको विधेयक फिर्ता पठाइदिने कुरालाई कुन रूपमा लिनुभएको छ ?**

– राष्ट्रपतिलाई पनि डर छ । ओली सरकारले ल्याउँदा रातारात पास गरिदिने तर, विपक्षीले ल्याउँदा नगरिदिने देखियो । राष्ट्रपति भनेको स्वतन्त्र हुनुपर्छ । अब उहाँ स्वतन्त्र होइन पार्टीको मान्छे हुनुभयो । उहाँ त पहिला एमाले हो नि त । राष्ट्रपति भइसकेपछि पार्टीसँग लगाब राख्नु हुँदैन । देशभरिका जनताले यो कुरा बुझिसकेका छन् ।

**० यसअघि एमालेको सरकारले विधेयक ल्याउँदा एकदुई जना बाहेक कसैले पनि विरोध जनाएका थिएनन् । तर, अहिले विरोध जनाउनुको कारण के देख्नुहुन्छ ?**

– यो देशमा वर्षौंदेखि नागरिकताको मुद्दामा राजनीति भएको छ । सत्तासँग नागरिकताको विषय जोड्ने काम हुँदै आएको छ । अहिले नागरिता विधेयक पास भएपछि आसन्न चुनावमा भोट घट्छ भन्ने डर एमालेलाई छ । भोट सत्ता पक्षलाई जान्छ भन्ने डर भएको हो ।

**० नागरिकता समस्या मधेशको मात्र हो ?**

– होइन । देशभरि छ । तराईमा बढी जन्मसिद्धको समस्या छ । तर, पहाडतिर एकल आमाको समस्या छ । एमालेले वैवाहिक अंगिकृत नागरिकताको विषयमा भन्दै आएको छ । त्यसो भए यसअघि सरकारमा हुँदा एमालेले नागरिकता विधेयक किन पारित गराउन सकेन त ? त्यतिखेर पारित गराउन सक्नुपर्दथ्यो नि ? अहिले झुठो प्रोपोगाण्डा मच्चाएर जनतालाई भ्रमित गर्ने काम भइरहेको छ । एमाले दुई थरिको राजनीति गर्ने सोचमा छ । तराई तिर जाँदा नागरिकता बनाइदिन्छौं । अनि यतातिर आउँदा भारतीयलाई नागरिकतामा रोक लगायौं भनेर भ्रमित गर्ने काम गर्दै आएको छ । किन भने एमालेसँग कुनै मुद्दा छैन । दुई समुदायलाई विभाजित गर्ने र भोट बटुल्ने नियत देखियो । यिनीहरूको खेल नै त्यही हो ।

**० पहाडका नागरिकताविहीनहरू किन अगाडि नआएका होलान् ?**

– धेरै जसो नागरिकताविहीन अगाडि आएका छैनन् । तर, धेरै ठाउँबाट आएका छन् । नआएको होइन ।

**० चुनाव आउन लागेका बेला सरकारले नागरिकता विधेयक किन ल्याउनुपरेको होला ? तपाईंहरूलाई देखाएर सत्ता गठबन्धनले भोट राजनीति गरेको जस्तो लाग्दैन ?**

– यसअघि एमालेको सरकार थियो । चुनावको मुखमा ल्यायो भनेर नभनौं । नागरिकता विधेयक २०७५ मै ल्याइएको थियो । यसमा व्यापक परामर्श पनि भएको थियो । पछि गठबन्धन सरकारले अर्को विधेयक ल्यायो । नागरिकता विधेयकको कुरा अहिलेको होइन २०७५ देखि नै निरन्तर चर्चामा छ । त्यसैले चुनावसँग कुनै सरोकार छैन ।

**० सत्ता गठबन्धनले नागरिकता विधेयक पारित गराएर मधेशको सेन्टिमेन्ट तान्न खोजेको जस्तो लाग्दैन ?**

– यो नागरिकसँग जोडिएको विषय हो । जे भए पनि अहिले नागरिकता विधेयक पारित भए पनि यसपटक हामी भोट खसाल्न पाउँदैनौं । किन भने मतदाता नामावलीमा नाम लेखाउने काम हुन बाँकी नै छ । हामीले केही दिनअघि निर्वाचन आयोगका प्रमुखसँग पनि भेट्यौं । उहाँले पनि भन्नुभएको थियो कि तपाईंहरूको नागरिकता बन्ने निश्चित भए पनि यसपटक सहभागी हुन पाउनुहुन्न । अहिले विधेयक पास भएपछि १३-१४ लाख जनाले नागरिकता पाउने छन् । सरकारले चुनावको मिति सारेको भए हामी बुझ्न सक्दथ्यौं कि यो राजनीतिक फाइदाका लागि यो विधेयक पास गर्दैछ ।

**० यो प्रमाणीकरण भयो भने तपाईंहरूको मुद्दा सम्बोधन हुन्छ ?**

– हो । स्वभाविक रूपमा यो प्रमाणीकरण भएपछि हाम्रो समस्या समाधान हुन्छ । साथै एकल आमाका सन्तानका समस्या पनि समाधान हुन्छ । तर, यो देशमा अहिलेको विधेयकले पूर्ण रूपमा नागरिकता समस्या समाधान भइहाल्छ भन्ने छैन । वास्तविक नेपालीलाई नागरिकताको हकबाट बञ्चित गराउनु हुँदैन भनेर हाम्रो संविधानले पनि भनेको छ । हामी फेरि अनुसन्धानमा लाग्ने छौं । वास्तविक नेपालीलाई नागरिकता दिलाउनका लागि दबाब दिइरहने छौं ।

**० अंगिकृतका विषयमा के छ तपाईंको धारणा ?**

– जसको बुवा आमा नेपाली छन् उसका सन्तानले नागरिकता पाउनुपर्छ । तपाईंले वैवाहिक अंगिकृतको कुरा गर्नुभएको छ । वैवाहिक अंगिकृतको सवालमा केही देशमा केही समयसीमा राख्ने प्रावधानहरू पनि छन् । समयसीमा तोक्नु नै पर्छ भनेर म भन्दिनँ । यसमा राष्ट्रिय सहमति कामय गरेर अघि बढ्नुपर्ने कुरा हुन्छ । राष्ट्रिय सहमति गरेर समयसीमा राख्दा हुन्छ । तर, कहिले काहिँ अन्य समस्याहरू पनि आइपर्छन् । जस्तै बिहे भयो र त्यसको केही दिनमा श्रीमान बितेको अवस्थामा वा सम्बन्ध विच्छेद भएको अवस्थामा के गर्ने ? त्यसबेला ठूलो समस्या आउन सक्छ । त्यो विषयलाई मध्यनजर गर्नुपर्छ । सन्तान हुन्छ । उसलाई पढाउनुपर्ने हुन्छ । आफ्नो जीवन चलाउनुपर्ने हुन्छ । जिउने आधार दिनुपर्छ ।

**० भनेपछि वैवाहिक अंगिकृतको हकमा सीमा तोक्नुपर्छ ?**

– **हो । समयसीमा राख्दा यसमा हामीले कुनै आपत्ति जनाउँदैनौं । तर उसलाई बाँच्ने** आधार दिनुपर्‍यो । अहिले मुख्य रूपमा वैवाहिक अंगिकृतको विषयमा सत्ता पक्ष र प्रतिपक्ष विभाजित छन् । तर, यो विषयलाई मुद्दा बनाएर देशका वास्तविक नागरिकलाई नागरिकताविहीन बनाउन मिल्दैन । अहिले यो विधेयक पारित गरौं । त्यसपछि वैवाहिक अंगिकृतको विषयमा पछि संशोधन गर्न पनि सकिन्छ नि ।

# प्रमाणीकरणका लागि पुनः विधेयक पठाउँछौं : अध्यक्ष यादव



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपतिले फिर्ता पठाउँदै विधेयक निष्कृय नहुने दावी गरेका छन् ।
अध्यक्ष यादवले चाँडै पुनः प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गरेर पुनः विधेयक पठाउने प्रतिबद्धता जनाएका छन् । जनकपुरधाममा सोमबार आयोजित पिछडा वर्ग महासंघको मधेश प्रदेश भेलालाई सम्बोधन गर्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।
कुनै पनि नागरिकलाई नागरिकताबाट बंचित नगरिने भनि संविधानले नै सुनिश्चित गरिसकेकोले नेपाली नागरिकका सन्तानहरूलाई नागरिकताबाट वंचित गर्ने प्रपंच गरिए जसपा सडक र सदन दुबै ठाँउमा आन्दोनलको आँधी बहेरी ल्याउने चेतावनीसमेत उनले दिएका छन् । राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता पठाएर आफै माथि ठूलो प्रश्न उब्जाएको उनको कथन थियो ।
अध्यक्ष यादवले ओली सरकारले यही व्यहोराको अध्यादेश ल्याउदा तत्कालै प्रमाणीकरण गरेको राष्ट्रपतिले संसदबाट पास विधेयक फिर्ता गर्नुले उहाँ मुलुकको राष्ट्रपति हो की एमालेको कार्यकर्ता भनि प्रश्न उब्जिएको आरोप लगाए ।
उनले भने, 'यस्तै व्यहोराको अध्यादेश ओली सरकारले ल्याउँदा के विना पढि कुनै प्रमाणीकरण गर्नु भएको थियो ? होइन भने उहाँको यस कदमले उहाँ माथि नै प्रश्न उब्जाएको छ । उहाँले राष्ट्रपतिको रूपमा नभइ एमालेको कार्यकर्ताको रूपमा फिर्ता पठाउनु भएको हो जस्तो आम नागरिकले बुझेका छन् ।' नागरिकताविहीन नेपाली नागरिकका लाखौ सन्तानहरूलाई नागरिकता उपलब्ध गराउने उद्देश्यले ल्याइएको विधेयक फिर्ता हुनुले मुलुकमा ठूलो षड्यन्त्रको गन्ध आउन थालेको उनको भनाइ थियो ।
अर्को प्रसंगमा अध्यक्ष यादवले शिक्षा र समाजिक रूपमा पछि परेका पिछडा वर्गहरूलाई राज्यको मुलधारमा ल्याउने जिम्मेवारी समेत राज्यकै रहेको उल्लेख गर्दै पिछडा वर्गलाई परिभाषित गर्दै शिक्षा र स्वास्थ्यमा विशेष जोड दिन आग्रह गरेका थिए । जसपाको नेतृत्वमा रहेको मधेश प्रदेश सरकारलाई त्यसको अगुवाई गर्न आग्रह समेत गरे ।
कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले पिछडा वर्गको उत्थान र विकासका लागि प्रदेश सरकारले नीति तथा कार्यक्रममै समावेश गरेर पाँच करोड बजेट समेत विनियोजन गरि सकेको बताए । उनले छिट्टै पिछडा वर्ग विकास समिति गठन गरेर पिछडा वर्गको शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिने बताएका थिए ।
महासंघका अध्यक्ष भरत प्रसाद महतोको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेश सरकारका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पुर्व आन्तरिक मामिला मन्त्री ज्ञानेन्द्र यादव, युवा नेता जितेन्द्र यादव सहितले शुभकामना राखेका थिए ।

# प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी सम्पन्न




धनुषा । मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री भरत प्रसाद साहको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एवं मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामद्वारा संयुक्त रूपमा आयोजित प्रदेश स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ धनुषाको जनकपुरधाममा मंगलबार सम्पन्न भएको छ ।
गोष्ठीमा मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री साहले अपराधको नयाँ शैली आएको अवस्थामा सुरक्षा निकायले पनि नयाँ प्रविधियुक्त अनुसन्धान पद्धतिलाई अबलम्बन गरी अगाडि बढ्नुपर्ने बताए । बढ्दो साइबर क्राइम तथा सिमा क्षेत्रमा हुने लागूऔषधको कारोबारलाई पूर्णरूपमा निरूत्साहित पार्न अझै सक्रिय हुनुपर्ने उनले उल्लेख गरे ।
गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले आसन्न निर्वाचनमा नेपाल सरकारले दिएको जिम्मेवारीलाई निष्पक्ष भयरहित तवरमा नागरिकको मतअधिकारको प्रयोग गर्न दिने वातावरण बनाउनु नै समस्त प्रहरी कर्मचारीहरूको एकमात्र उद्देश्य रहेको बताए ।
अपराधीलाई कानून बमोजिम सजाय दिलाउन र पीडितलाई न्याय दिलाउनको लागि फौजदारी न्याय प्रणालीका तीन वटा पिलर अनुसन्धान, अभियोजन र न्याय निरूपण बिच अत्यन्तै राम्रो समन्वय र समझदारी हुन आवश्यक रहेको उनले उल्लेख गरे । साथै उनले प्रविधिको विकाससँगै बढ्दै गएका आर्थिक अपराध, साइबर अपराध, बैंकिङ कसूर लगायतका अपराधहरूको न्यूनीकरणका लागि केन्द्रमा मात्र नभई यस्ता मुद्दाको निरूपणका लागि प्रदेशस्तरमा समेत अदालत तोकिनु पर्नेमा जोड दिए ।
गोष्ठीमा मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले प्रमाणमुखी अनुसन्धानको पद्धतिलाई अवलम्बन गर्नुपर्ने उल्लेख गर्दै अपराध अनुसन्धानमा आधुनिक प्रविधिको प्रयोगलाई पनि उच्च प्राथमिकतामा राख्नुपर्ने बताए ।
साथै नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले सामाजिक विकृति, प्रविधिको विकाससँगै यसको दुरूपयोग बढ्दै गएकोले यसको नियन्त्रणको लागि अपराध अनुसन्धान प्रविधिमैत्री हुनुपर्ने चर्चा गरे ।
गोष्ठीमा प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकालले स्वागत मन्तव्य एवं कार्यक्रमबारे प्रकाश पार्नुभएको थियो भने मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायव महानिरीक्षक मसऊद आलम खाँले धन्यवाद मन्तव्य व्यक्त गरेका थिए ।
उक्त अवसरमा मधेश प्रदेश गृह तथा सञ्चार मन्त्रालयका प्रदेश सचिव राम कुमार महतो र उच्च सरकारी वकिल कार्यालयका उप-न्यायाधिवक्ता विवेक कुमार बरालले आ-आफ्नो मन्तव्य व्यक्त गरेका थिए ।
मधेश प्रदेश अन्तर्गतका ८ वटा जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले अपराध अनुसन्धानको समग्र बस्तुस्थिति र अनुसन्धानमा गरिएका नवीन प्रयोगहरूको विषयमा प्रस्तुतीकरण गर्नुभएको उक्त गोष्ठीमा अपराधको अवस्था, सुधारका उपायहरू, आपसी सहकार्य सम्बन्धमा साझा धारणा पहिल्याउने, संहिता कार्यान्वयनमा देखिएका समस्याहरू, साधन स्रोतको अवस्था लगायतका बिषयबस्तुहरूमा विस्तृत छलफल गरिएको थियो ।
उक्त अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, धनुषा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारी, नागरिक समाज र स्थानीय संचारकर्मी लगायत जिल्लास्थित अन्य सुरक्षा निकायका प्रमुखहरूको समेत उपस्थिति रहेको थियो । उक्त समीक्षा गोष्ठी पश्चात प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु आर्याल लगायत दुवै संगठनका वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थितिमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालबीच शान्ति सुरक्षामा समन्वय, सहकार्य र सहयोग सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भएको छ ।







## मधेश अपडेट

### जनमत र दलित जनजाति पार्टीबीच सहमति

विराटनगर । डा.सीके राउतको जनमत पार्टी र प्रितम मुखिया नेतृत्वको पिछडा वर्ग निसाद दलित जनजाति पार्टीले एउटै चुनाव चिन्हबाट आमचुनावमा सहभागी हुने भएको छ । दलित जनजाति पार्टीले जनमत पार्टीको चुनाव चिन्हबाट चुनावमा सहभागी हुने सहमति भएको हो । आइतबार विराटनगरमा जनमत पार्टीका अध्यक्ष डा. राउत र दलित जनजाति पार्टीका अध्यक्ष मुखियाले उक्त सहमति पत्रमा हस्ताक्षर गरेका हुन् । आगामी प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनमा सहकार्य गर्दै दुबै पार्टीले जनमत पार्टीको चुनाव चिन्ह लाउडस्पिक (हर्न) छापबाट चुनाव लड्ने सहमति भएको जनमतका नेता बीपी साहले जनाएका हुन् ।

### 'कांग्रेसलाई नेता मान्नेहरू कम्युनिष्ट हुनै सक्दैन'

नेपालगञ्ज । नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवालीले आगामी निर्वाचनमा एमालेले बहुमत ल्याउने बताएका छन् । 'एमाले निर्वाचनमा पराजित हुँदा राष्ट्रवाद र समाजवाद नै पराजित हुन्छ,' नेकपा (एमाले) बाँके जिल्ला कमिटीको आयोजनामा मंगलबार खजुरामा आयोजित वृहद कार्यकर्ता प्रशिक्षणमा उपाध्यक्ष ज्ञवालीले भने, 'कम्युनिष्ट पार्टीको बर्को ओढेर काँग्रेस जिताउन आउनेहरूलाई जनताले विश्वास गर्ने छैनन् ।' उनले काँग्रेसलाई नेता मान्नेहरू कम्युनिष्ट हुनै नसक्ने बताए । संसदको पुनर्स्थापना र १० बुँदे सहमतिपछि पनि पार्टी विभाजन हुनु गलत भएको उनको भनाई थियो । कार्यक्रममा पार्टीका सचिव तथा लुम्बिनी प्रदेश कमिटीका इन्चार्ज छबिलाल विश्वकर्माले कार्यकर्ताको शक्तिको बलमा नेकपा (एमाले) अहिलेसम्म टिक्न सकेको भन्दै एमाले र यसको नेतृत्वप्रति जन विश्वास कायम रहेको बताएका थिए । नेकपा (एमाले) बाँकेका अध्यक्ष किस्मत कक्षपतिको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य तथा बाँके जिल्ला इन्चार्ज सूर्य ढकाल, केन्द्रीय अनुशासन आयोगका सदस्य देवराज भार, केन्द्रीय लेखा आयोगका सदस्य विजया धिताल, एमाले बाँकेका उपाध्यक्ष डिल्ली बिसी, सचिव रत्न खत्री लगायतले मन्तव्य व्यक्त गरेका थिए । सोही कार्यक्रममा २०७४ सालमा बाँके प्रदेशसभा २(क) बाट तत्कालीन सङ्घीय समाजवादी फोरमबाट विजयी सांसद विजय वहादुर यादव एमालेमा प्रवेश गरेका थिए ।

### राष्ट्रपतिविरुद्ध कपिलवस्तुमा विरोध प्रदर्शन

इमरान खान/कपिलवस्तु । दुबै सदनबाट पारित गरी प्रमाणीकरणका लागि पठाइएको नागकिरता विधेयक फिर्ता गरेको भन्दै जनता समाजवादी पार्टी नेपालले कपिलवस्तुको तौलिहवामा विरोध प्रर्दशन गरेको छ । पार्टीका नेता कार्यकर्ताहरूले नागरिकता सम्बन्धी विधेयकलाई प्रमाणीकरण नगरी १३ दिनसम्म झुलाएर पुनः फिर्ता पाठएको भन्दै राष्ट्रपतिको पुत्ला दहन समेत गरेको थिए । जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको गेटअघि राष्ट्रपतिविरूद्ध चर्को नाराबाजी गर्दै उनीहरूले राष्ट्रपतिको सो कदम विरूद्ध घोर विरोध गरेका थिए । पार्टीका जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादवले एमालेको पालामा सो विधेयक ल्याउँदा तुरून्तै पास गर्ने तर अहिले दुबै सदनले पास गरे पनि राष्ट्रपतिले विधेयक फिर्ता गर्नू खेदजनक कुरा भएको बताएका थिए । नागरिकता पाउनु नागरिको नैसर्गिक अधिकार रहेको तर राष्ट्रपतिले त्यसको ख्याल नगरी विधेयक फिर्ता गरेको उनले बताए । सो अवसरमा पार्टीको प्रदेश उपसंयोजक अब्दुल रसिद खाँले राष्ट्रपतिले अमुक पार्टीलाई काखी च्यापेर विधेयक फिर्ता गरेको आरोप लगाएका थिए । उनले नागरिकता विहीनहरूलाई यथाशक्य चाँडै नागरिकता दिनुपर्ने बताए । त्यसो नगरिए पार्टी आन्दोलनमा जान बाध्य हुने उनले चेतवानी दिएका छन् । उता राष्ट्रपतिको सो कदम प्रति विरोध जनाउदै लोकतान्त्रिक समाजवादी पार्टीले समेत प्रशासन कार्यालय अगाडी विरोध प्रर्दशन गरेका थियो । लोसपाका जिल्ला अध्यक्ष कैलाश अग्रहरी, नेता मधुसुदन चौधरी, नेता तथा सुद्धोदन गाउपालिकाका अध्यक्ष कमलेश शरण चौधरी लगायतका नेताहरूले राष्ट्रपतिविरूद्ध चर्का नारा समेत लगाएका थिए ।

### देवकोटालाई पत्रकारिता पुरस्कार

वीरगञ्ज । पत्रकार गोविन्द देवकोटालाई स्व.सुबोध स्मृति पत्रकारिता पुरस्कारबाट सम्मानित गरिएको छ । प्रतीक प्रकाशन समूहले स्थापना गरेको सुबोध स्मृति फोटो पत्रकारिता पुरस्कारबाट नारायणी एफ.एम.का कार्यकारी अध्यक्ष एवं सामुदायिक रेडियो प्रसारक संघका पूर्व महासचिव समेत रहेका देवकोटा प्रतीक दैनिकको ३६ औं वार्षिकोत्सवको अवसरमा सम्मानित भएका हुन् । उनलाई प्रमुख अतिथि प्राध्यापक वासुदेवलाल दास, अतिथिहरू प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकाल, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष सुबोध गुप्ता, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, प्रधान सम्पादक जगदीश प्रसाद शर्मा लगायतले सम्मान गरेका थिए । देवकोटालाई ५१ हजार नगद रूपैयाँ सहित दोसल्ला ओढाएर सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । सोही कार्यक्रममा प्रतीक दैनिक पत्रिकाको उत्कृष्ट सम्वाददाताको रूपमा पत्रकार राधेश्याम पटेल पनि सम्मानित भएका थिए ।

### कपिलवस्तुमा डेंगुका विरामी फेला

कपिलवस्तु । कपिलवस्तुका तिन स्थानीय तहमा डेंगुका बिरामी भेटिएका छन् । बाणगंगा नगरपालिकामा ४६ जना, कृष्णनगर नगरपालिकामा २ जना र विजयनगर गाउँपालिकामा १ जना गरि जिल्लामा ४९ जना डेंगुका बिरामी फेला परेका हुन् । जसमध्ये बाणगंगा नगरपालिकाले ४६ जनाको पुष्टि गरे पनि कृष्णनगर र विजयनगरले पुष्टि गरेका छैनन् । बाणगंगाका विभिन्न स्थानमा भेटिएका ४६ मध्ये ६ जनाको अवस्था गम्भीर रहेकाले उपचारका लागि बुटवल पठाइएको छ । बाँकी सङ्क्रमितहरूको नगरका विभिन्न स्वास्थ्य संस्थामा उपचार भइरहेको जनाइएको छ । बाणगंगाका स्वास्थ्य शाखा प्रमुख ठगराज पौडेलले नगरभित्र डेंगुका बिरामी बढेपछि मङ्गलवार नगरका विभिन्न स्थानको निरीक्षण गरिएको बताए । स्थानीय तहमा रहेको स्वास्थ्य शाखासँग सम्पर्क, समन्वय गरि जनसमुदायमा चेतनामूलक कार्यक्रमलाई तीव्रता दिइने बताइएको छ ।

### यातायात व्यवस्था सेवा कार्यालय सञ्चालन

सप्तरी । सप्तरीस्थित राजविराजमा यातायात व्यवस्था सेवा कार्यालय सञ्चालनमा आएको छ । राजविराज-रूपनी सडकखण्डअन्तर्गत राजविराज नगरपालिका-९ मा स्थापित सो कार्यालयको मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव र अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले मङ्गलबार संयुक्त रूपमा शुभारम्भ गरे । कार्यक्रममा ट्रक व्यवसायी एशोसिएशन सप्तरीका अध्यक्ष जगदीश अर्यालले राजविराज-९ मलेठस्थित एशोसिएशनको नाममा रहेको दुई कट्ठा जग्गा यातायात व्यवस्था कार्यालयलाई प्रदान गर्ने जानकारी दिए । प्रदेश सरकारले गत फागुन २४ गते यातायात व्यवस्था सेवा कार्यालय राजविराजमा स्थापना गर्ने निर्णय गरेको थियो । सेवा कार्यालयका प्रमुख शशि यादवले यातायातसम्बन्धी कामका लागि सप्तरीका सेवाग्राहीलाई सिरहाको लहान जानुपर्ने अवस्था अन्त्य भएको जानकारी दिए । उनका अनुसार हाललाई कार्यालयबाट सवारीधनी प्रमाण र सवारीचालक प्रमाणपत्रको नवीकरण, सवारी दर्ता, सवारी जाँचपास रूट अनुमति, पटके सेवा अस्थायी रूट अनुमति र यातायात सेवा पञ्जीकृतजस्ता सेवा प्रवाह गरिनेछ । हाल मधेश प्रदेशमा पर्साको वीरगञ्ज, सिरहाको लहान, धनुषाको जनकपुरधाममा यातायात व्यवस्था कार्यालय रहेको छ भने रौतहट, बर्दिबासमा सो सेवा कार्यालय स्थापना गर्न लागिएको जनाइएको छ ।

### प्रधानमन्त्रीको आश्वासनमा आन्दोलन स्थगित

जनकपुरधाम । मधेश सरकारले संघीय सरकारविरूद्ध थालेको आन्दोलन स्थगित गरेको छ । मधेश सरकारले मंगलबार पत्रकार सम्मलन गर्दै प्रहरी समायोजनका लागि संघीय सरकारलाई दबाब दिने उद्देश्यले गरिएको धर्ना कार्यक्रम स्थगित गरेको जनाएको हो । आन्दोलन थालेको तेश्रो दिनमै मधेश सरकारले संघर्षका कार्यक्रम फिर्ता लिएको हो । मधेश सरकारले संघीय सरकारले चुनावपछि प्रहरी समायोजनको प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएपछि धर्ना स्थगित गरेको जनाएको छ । मुख्यमन्त्री लालबाबु राउतले आफूहरूले आन्दोलन थालेपछि संघीय सरकारको गम्भीर ध्यानाकर्षण भएको पनि बताए । पत्रकार सम्मेलनमा उपस्थित संघीय सरकारका प्रतिनिधिसमेत रहेका प्रदेश प्रमुख हरिशंकर मिश्रले चुनावपछि प्रहरी समायोजन हुने दाबी गरे । मधेश सरकारका मुख्ममन्त्री, मन्त्री तथा सांसद्हरूले आइतबारदेखि आन्दोलन थालेका थिए । पहिलो चरणमा सात दिनसम्म धर्ना दिने मधेश सरकारले भनेको थियो ।

# नागरिकता विधेयकमा पुनर्विचार गर्न राष्ट्रपतिले संसद् सचिवालयमा पठाएको पत्र

विषय : सम्माननीय राष्ट्रपतिज्यूको सन्देश ।
श्रीमान् महासचिवज्यू,
संघीय संसद सचिवालय सिंहदरबार, काठमाडौं ।

१. प्रतिनिधि सभाको सम्वत् २०७९ साल साउन ६ गतेका दिन बसेको बैठकबाट समेत पारित भई सम्माननीय सभामुखज्यूबाट प्रमाणित भई प्रमाणीकरणका लागि सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश भएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकको सन्दर्भमा यो पत्र लेखिँदैछ ।

२. प्रमाणीकरणका लागि प्रस्तुत हुन आएको नेपाल नागरिकता एने, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधान बमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसदबाट पुन: गहन अध्ययन, छलफल, विमर्श र विशलेषण सहित पुनर्विचार हुन वान्छनीय भएकोले सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधार (३) बमोजिम सन्देश सहित यो विधेयक प्रतिनिधि सभामा फिर्ता पठाउने निर्णय भएकोले नेपाल नागरिकता ऐन. २०६३ लाई संशोधन गर्न बनेको विधेयक यसैसाथ पठाइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

आज्ञाले,
(यादवप्राद कोइराला)
सचिव

**नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको 'नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९' विधेयकका सम्बन्धमा**

"संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा)बाट पारित भई मिति २०७९/०४/१६ मा नेपालको संविधान धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणका लागि प्रस्तुत हुन आएको 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको 'नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९' को विधेयक देहायको सन्देशसहित नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा फिर्ता पठाएको छु :

**(क) प्रतिनिधि सभा मार्फत सम्मानित संघीय संसद्समक्ष जानकारी, अध्ययन र विमर्शका लागि सन्देश :**

१. नेपालको संविधानको भाग-२, धारा १० देखि १५ अन्तर्गत नेपालको नागरिकता प्राप्त गर्न योग्य हरेक नेपाली नागरिकले सहज र सरल ढङ्गबाट नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्न समुचित कानुनी प्रबन्ध गर्नु राज्यको दायित्व हो । संविधानद्धारा सुनिश्चित गरिएका मौलिक अधिकारसम्पन्न एवं कर्तव्यबोधयुक्त नागगरिकबाट नै मुलुकको राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा राष्ट्रिय अखण्डतालाई सुदृढ बनाउने संविधान-निर्दिष्ट उद्देश्य हासिल हुने भएकाले नागरिकता प्राप्तिको प्रक्रिया प्रत्येक नेपालीको आत्मसम्मान तथा राष्ट्रको एकतासँग गहिरो गरी गाँसिएको संवेदनशील विषय हो । सार्वभौम संसद्बाट विषयवस्तुको गाम्भीर्यलाई मनन् गरी नागरिकताको प्राप्ति, समाप्ति एवं पुनर्प्राप्तिको प्रत्रियाका स्पष्ट प्रावधानहरू व्यवस्थित गर्नुका साथै नागरिकता प्राप्त हुने क्रममा यदाकदा देखिने सक्ने बाधा अड्चनहरू समेत सम्बोधन हुन यथोचित कानुनको निर्माण गरिनु व्यवस्थापिकीय कर्तव्य नै हो । संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकतालाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चित गरिएको हुनाले कानुनको तत्काल आवश्यकता रहेको बारेमा कुनै प्रकारको सन्देह वा द्विविधा रहेको छैन ।

२. जननिर्वाचित संविधान सभाद्धारा जारी गरिएको नेपालको संविधान बमोजिम नागरिकता प्राप्तिका सम्बँधमा बन्नुपर्ने पहिलो संघीय ऐन प्रस्तुत विधेयकको पृष्ठभूमिमा इतिहासदेखि वर्तमानसम्म विभिन्न समयमा जारी भएका संविधान तथा कानुनद्धारा नागरिकता सम्बन्धी विषयमा गरिएका व्यवस्थालाई सारांशमा स्मरण गर्नु उपयुक्त हुन्छ । योग्य नेपाली नागरिकले नेपाल सरकारको सम्बन्धित निकायबाट नागरिकताको 'इजाजतपत्र' (प्रमाणपत्र) प्राप्त गर्न सक्ने गरी विक्रम सम्वत् २००९ सालमा पहिलो नागरिकता ऐन जारी भएको देखिन्छ । उक्त ऐन अन्तर्गत नेपाल राज्यको वासिन्दाबाट नेपालमै जन्मेको, बाबु वा आमा मध्ये एकजना नेपालमा जन्म भई नेपालमा नै स्थायी वासस्थान कायम गर्ने उद्देश्य लिएर सपरिवार बसोबास गर्दै आएको, र नेपाली पुरूषसँग कानुन एवं रीतपुर्वक वैवाहिक सम्बन्ध भएको विदेशी महिला नेपालको नागरिक ठहर हुने प्रावधान उल्लेख भएको पाइन्छ ।

विक्रम सम्बत् २०१९ सालमा नागरिकता सम्बन्धी विषयलाई सविधानमा समेटी त्यस अन्तर्गत २०२० सालमा जारी भएको 'नागरिकता सम्बन्धी नेपाल कानुनलाई पुन: व्यवस्थापन गर्न बनेको ऐन'ले नागरिकता प्राप्तिलाई पितृत्वमा केन्द्रित गर्दै मूलत: पुरानै ऐन बमोजिमका आधार लिएर वंशज, जन्मसिद्ध र अङ्गीकृत भनी वर्गीकरण गरेको देखिन्छ । उक्त ऐनमा २०३२ सालको संविधान संशोधनबाट वंशज र जन्मसिद्ध नागरिकताका प्रावधानहरू यथावत राखी कुनै विदेशी व्यक्तिले रीतापूर्वक प्राप्त गर्न सक्ने नेपालको अङ्गीकृत नागरिकताका सम्बन्धमा नयाँ व्यवस्था लागू भयो । यस बमोजिम 'नेपाली उत्पत्तिको व्यक्तिको हकमा दुई वर्ष, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी स्वास्नीमानिसको हकमा कम्तीमा पाँच वर्ष र सो बाहेक अरूको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोबास गररेको' शर्त पूरा भएपछि अङ्गीकृत नागरिकता प्राप्त हुन सक्ने प्रावधान कायम गराइएको देखिन्छ । यस सन्दर्भमा नागरिकताबारे हाम्रो अभ्यासका ऐतिहासिक पक्षमाथि पर्याप्त विवेचना हुन आवश्यक देखिन्छ ।



३. ऐतिहासिक जनआन्दोलन पश्चात् मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहने लाकेतन्त्रको शाश्वत मान्यता अवलम्बन गर्दै २०४७ सालमा जारी नेपाल अधिराज्यको संविधानले नागरिकताको सम्बन्धमा पुरानै कानुनी प्रचलन र अभ्यासलाई नै अपनाएको देखिन्छ । उक्त संविधानको भाग २, धारा ८, ९ र १० ले वंशजको नागरिकतालाई पूर्ण रूपले पितृत्वको आधारमा केन्द्रित गरी वैवाहिक अङ्गीकृत नागरिकताको हकमा धारा ९ (५) बमोजिम 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाई चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत निर्वाचित विभिन्न सरकारहरूद्धारा नागरिकता प्राप्तिउपर जनस्तरमा विद्यमान सवालहरूको उपयुक्त ढङ्गले समाधान गर्न उच्चस्तरीय नागरिकता आयोग र नागरिकता आयोग सुझाव कार्यान्वयन समिति गठन भएका थिए, जसको प्रतिवेदन समेतका आधारमा विक्रम सम्वत् २०५६/५/२४ गते तत्कालीन प्रतिनिधि सभामा नेपाल नागरिकता ऐन, २०२० लाई छैटौं संशोधन गर्न विधेयक दर्ता भएको देखिन्छ । प्रतिनिधि सभाले छलफल गरी २०५७ जेठ २९ गते पारित गरेको उक्त विधेयक राष्ट्रिय सभाबाट अस्वीकृत भएकोमा प्रतिनिधि सभाबाट पुन: पारित भई अर्थ विधेयकका रूपमा राष्ट्रप्रमुख समक्ष प्रमाणीकरणका लागि २०५७/०८/१६ मा पेश भएको देखिन्छ । तत्कालीन संविधानले राष्ट्रप्रमुखलाई गम्भीर कानुनी वा संवैधानिक प्रश्नमा सर्वोच्च अदालतबाट राय लिन सक्ने अधिकार प्रदान गरेको सन्दर्भ समेतका आधारमा उक्त विधेयकले ऐनको स्वरूप ग्रहण गर्न नसकेको विदितै छ । यसबीचमा नागरिकताका कतिपय उचित सवालहरू थाती रहँदै आएको पक्ष पनि सार्वजनिक जानकारीमा उपलब्ध रहेकै छ ।

४. नेपाली जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफलस्वरूप मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरिसकेपछि नागरिकता सम्बन्धी पुराना प्रश्नहरूका साथै लैंगिक समानताको दृष्टिकोणबाट नागरिकतालाई हेरिनुपर्ने तथा बदलिँदो आर्थिक-सामाजिक परिस्थितिका कारण उत्पन्न भएका नागरिकता सम्बन्धी गम्भीर प्रश्नहरूलाई सम्बोधन गर्नुपर्ने दायित्व मुलुकका साम‍ु उपस्थित भएका छन् । नेपाली नागरिकताहरू विभिन्न पेशागत तथा व्यावसायिक कारणले विश्वका विभिन्न मुलुकहरूमा पुगी आफनो कर्मदेशको नागरिकता लिएपनि जन्मभूमिप्रतिको दायित्वबोधले नेपालमा कुनै न कुनै प्रकारको संलग्नता कायम राख्ने उद्देश्यका लागि संविधानको धारा १४ बमोजिम संघीय कानुन निर्माण हुनु अनिवार्य भएको छ । त्यसैगरी, नेपालमा बसोबास गरी वंशज बाहेकको नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई प्रदान गरिने नागरिकताबारे राज्यको तर्फबाट न्यायपूर्ण स्पष्टता आवश्यक रहेको छ ।

देशको समाजिक-आर्थिक जीवनबाट सीमान्तकृत रहेको वर्ग र समुदायलाई माथि उठाई जति धेरै सम्मान महसुस गराउन सकिन्छ, त्यति नै हाम्रो राष्ट्रियता बलियो हुँदै जान्छ । भविषयमा परिवेश अझ बदलिँदै जाँदा तदनुरूपका नयाँ सवालहरू उत्पन्न हुँदै जाने भएकाले हाम्रो आजको दायित्व इतिहासदेखि कायम रहेका कतिपय पक्षमा न्यायोचित सुधार गरी नागरिकताको जीवनलाई सहज बनाउनु हो । तसर्थ, सार्वभौम जनताका प्रतिनिधिहरू समक्ष नागरिकताबारे हाम्रो उतारचढावयुक्त इतिहासको वस्तुनिष्ठ समीक्षा गर्दै वर्तमानका लागि त्यसबाट उत्सर्जित शिक्षा एवं भविष्यका लागि मार्गदर्शन समेत स्थापित हुनेगरी कानुनको निर्माण गर्ने जन अपेक्षा एवं संवैधानिक दायित्व रहेकोतर्फ सम्मानित सदनको यथेष्ट ध्यान आकृष्ट हुनु आवश्यक छ ।

५. यस क्रममा नेपाल नागरिकता एने,२०६३ ले नागरिकताका केहि ज्वलन्त सवालहरूको सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । कानुनको समयानुकुल सुधार र संशोधन नियमित चलिरहने प्रक्रिया नै भएतापनि कानुनप्रति सार्वभौम जनताको अपनत्व फराकिलो बनाउन जनताकै समक्ष त्यस्ता हरेक सुधार एवं संशोधनको औचित्य सावित हुन आवश्यक पर्दछ । संविधान सभाबाट नयाँ संविधान जारी भएको अवस्था समेतलाई विचार गर्दै विक्रम सम्वत् २०७५ सालमा प्रतिनिधि सभाले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गरी राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिवेदन समेत सार्वजनिक भएको तथ्य सबैको जानकारीमा छ ।

६. करिब तीन वर्ष प्रतिनिधि सभामा रहेको उक्त विधेयकले कानुनको स्वरूप ग्रहण गर्न नसक्दा नागरिकता प्राप्तिका सवालहरूलाई तत्काल सम्बोधन गर्न आवश्यक देखिएकाले उक्त विधेयक र हाल प्रस्तुत विधेयककै समेत कतिपय प्रावधानहरू समान रहेको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ साल जेठ ९ गते जारी भएको स्मरणीय छ । लोकतान्त्रिक विधिनिर्माण प्रक्रियामा सरकारद्धारा तत्काल जारी हुनुपर्ने भनी मन्त्रीपरिषद्को निर्णयका आधारमा प्रधानमन्त्रीद्धारा सिफारिश गरिएको कुनैपनि अध्यादेशको औचित्य केवल जननिर्वाचित संसद्बाट मात्र परीक्षण हुन सक्दछ ।

प्रधानमन्त्रीद्धारा विधिवत् प्रस्ताव गरिएको अध्यादेशलाई राष्ट्राध्यक्षले अध्ययन गरी पुनर्विचार गर्ने व्यवस्था संविधानबाट निर्दिष्ट नभएको हुनाले त्यस प्रक्रियाका बारेमा सार्वभौम संसदबाट मात्र समीक्षा वा पुनरावलोकन हुनसक्ने लोकतान्त्रिक एवं संवैधानिक अभ्यास रही आएको छ । विक्रमसम्वत् २०७५ सालमा प्रतिनिधि सभामा पेश भएको नागरिकता विधेयकउपर छलफल जारी रहेको समेतका विषयगत एवं प्रक्रियागत कारणहरू औंल्याउँदै सम्मानित सर्वोच्च अदालतको आदेशबाट उक्त अध्यादेश निस्क्रिय भई हाल सोसम्बन्धी रिट खारेज भैसकेको भएतापनि पूर्ण फैसला आउन बाँकी देखिन्छ । विधेयकका रूपमा प्रस्तुत र अध्यादेशका रूपमा जारी ती व्यवस्थाले पनि नागरिकता प्राप्तिका बारेमा उठेका केहि गम्भीर सवालहरूलाई सम्बोधन गर्न बाँकी नै राखेको देखिन्छ । विक्रम सम्वत् २०७५ सालमा प्रस्तुत भएको नागरिकता विधेयक उपर प्रतिनिधि सभामा राज्य व्यवस्था तथा सुशासन समितिले सहमति जुटाएको भनिएको प्रतिवेदनलाई सम्मानित सदनमा छलफल गरी सार्वभौम जनताका सामुन्ने राखिदिनु उपयुक्त हुन्छ ।

७. आमाको नामबाट सन्तानले सम्मानपूर्वक नागरिकता प्राप्त गर्नु आमा र सन्तान दुबैको नैसर्गिक अधिकार हो । सन्तानले नागरिकता प्राप्त गर्ने प्रक्रियामा प्रजननसँग सम्बन्धित आमाको मौलिक हक, गोपनियता, निजी जीवन, आत्मसम्मान र गरिमा संविधान बमोजिम सुरक्षित गरिनुपर्दछ । योग्य नेपाली नागरिकले नागरिकता प्राप्त गर्न असमर्थ भएकै कारण संविधानप्रदत्त अधिकारको उपयोग र कर्तव्यको पालना गर्नबाट वञ्चित हुनुहुन्दैन । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सुदृढ नागरिक एकता नै पहिलो र अनिवार्य शर्त भएको हुनाले नागरिकताको माध्यमबाट राष्टियृ एकतामा प्राप्त हुने सामर्थ्यलाई मध्यनजर गरी यी प्रश्नहरूमाथि अत्यन्तै गम्भीरतापूर्वक चिन्तन र विमर्श हुन अत्यावश्यक छ ।

**(ख) प्रतिनिधि सभा मार्फत सम्मानित संसद्समक्ष ध्यानकर्षणको सन्देश :**

१. नेपालको संविधानको धारा १० (२) बाट 'नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था' गरिएकोमा प्रमाणीकरणका लागि प्रस्तुत विधेयकको कुनैपनि प्रावधानले प्रादेशिक पहिचानलाई सम्बोधन गरेको देखिँदैन । संविधानको धारा ११ को उपधारा (६), (७), (८) अन्तर्गत सबै प्रकारका अङ्गीकृत नागरिकता प्राप्त गर्न, सोही धाराको उपधारा (९) बमोजिम सम्मानार्थ नागरिकता प्राप्त गर्न तथा धारा १३, १४ र १५ बमोजिम नागरिकताका प्रावधान सक्रिय हुन संघीय कानुन आवश्यक पर्ने व्यहोरा तत्तत् धारा र उपधाराहरूमा उल्लिखित देखिन्छ । वर्तमान संविधान अन्तर्गत नागरिकताका प्रावधानहरूको तथा नागरिकता सम्बन्धी हाल प्रचलनमा रहेका कानुनको समेत प्रस्तुत विधेयबाट नै संविधानसम्मत व्यवस्थापन गरिनुपर्ने विषयमा सम्मानित सदनको ध्यानाकर्षण हुन उपयुक्ता देखिन्छ ।

२. संविधानको धारा ११ सहितका अङ्गीकृत नागरिकताको सवालमा विश्वका विभिन्न मुलुकको व्यवस्था तथा असल अभ्यासको अध्ययन र अवलोकन गरी त्यसलाई हाम्रो मुलुकको सापेक्षता सम्बोधन हुनेगरी सार्वभौम नेपाली जनताका प्रतिनिधिहरूको यथेष्ट ध्यानाकर्षण हुनु आवश्यक देखिएको छ । हाल अवलम्बन गरिँदै आएको अङ्गीकृत नागरिकता प्रणाली नै हाम्रो असल अभ्यास र यथार्थ हो भने यसका बारेमा सोही अनुरूपको साझा धारण निर्माण गरी नागरिकताको सन्दलर्भमा बारम्बार उठ्ने बहसलाई स्थायी रूपमा समाधान गर्न दृष्टि पुग्नुपर्दछ ।

३. अङ्गीकृत नागरिकताकै सन्दर्भमा विक्रम सम्वत् २०३२ सालमा लागू गरिएको व्यवस्था लामो समयसम्म कायम रहन नसकेको देखिनुका पछाडि के कस्ता कारणहरू विद्यमान थिए भन्ने पर्याप्त अध्ययन भएको खण्डमा त्यसले प्रस्तुत विधेयकलाई र भविषयमा हुने नागरिकता सम्बन्धी कानुनी सुधारका प्रयासलाई समेत ठूलो मद्दत गर्ने देखिन्छ । यसतर्फ सम्मानित संसद्को यथेष्ट ध्यानाकर्षण हुन आवश्यक छ । नेपाल सरकारका सम्बद्ध निकायहरूले समेत यसबारेमा खोज अनुसन्धान गरी व्यवस्थापिकलाई सहयोग गर्न सक्ने अवस्था रहेको तर्फ पनि उत्तिकै ध्यान आकृष्ट हुन आवश्यक देखिन्छ ।

४. वर्तमान विधेयकको विषयवस्तुलाई लैंगिक समानताको दृष्टिबाट हेरिँदा यसमा प्रशास्त छलफल र सुधारका सम्भावनाहरू देखिन्छन् । आमाको नामबाट सन्तानलाई प्राप्त हुने नागरिकताका सन्दर्भमा प्रस्तुत विधेयकले नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संविधान बमोजिम निम्न अनुसारका उपदफाहरू समेत थप्न प्रस्ताव गरेको देखिन्छ ।

'उपदफा (५)- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्ति वंशाजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

'उपदफा (६) - उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिबाट नेपालमा जन्मिएको व्यक्तिले नेपालको नागरिकता लिँदाका बखत निजको आमा र बुबा दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मिएको त्यस्तो व्यक्तिले वंशजको नागरिकता प्राप्त गर्नेछ ।

'उपदफा (७)- उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरीएमा त्यस्तो व्यक्तिले वंशजको आधारमा प्राप्त गरेको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिए बमोजिम स्वाघोषणा गरी वंशजको आधारमा प्राप्त गरेको नागरिकताको प्रमाणपत्र बुझाएमा अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ ।'

यी प्रवाधनलाई कार्यात्मक रूप दिने प्रयोजनका लागि नेपाल नागरिकता ऐन, २०६३ को दफा ८ मा आमा र नागरिकता प्राप्त गर्ने व्यक्तिको अलग-अलग स्वघोषणा तोकिएको ढाँचामा हुने व्यव्स्था उपर ध्यान आकृष्ट हुन आवश्यक देखिन्छ ।

५. बालबालिकालार्य परिवार र राज्यबाट जन्म दर्ता, पहिचान सहितको नामकरण, शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार लगायतका अधिकार प्राप्त हुने विषयलाई संविधानको धारा ३९ ले मौलिक हकका रूपमा परिभाषित गरेको छ । जन्मदर्ता र नामकरण नागरिकताको प्राप्तिसँग प्रत्यक्ष रूपले जोडिएका हुन्छन् । बालबालिकाको जन्म र पालन पोषणमा आमा र बुबा दुवैको भूमिका हुनुपर्ने भएतापनि सामाजिक, आर्थिक, सरचनात्मक एवं भवितव्य जस्ता कारणबाट कतिपय बालबालिकाहरू एकल अभिभावकत्व अन्तर्गत रहनुपर्ने अवस्था छ भने, आजको विज्ञान र प्रविधिले एकल मातृत्वलाई पनि सम्भव बनाएको पक्षलाई ध्यान दिएर हेरिनु आवश्यक भएको छ ।

६. आमाको नामबाट नागरिकता प्राप्त हुने विषयलाई हाम्रो संविधानका विभिन्न प्रावधानको सापेक्षतामा हेर्न सकिन्छ । संविधानको धारा ३८ ले महिलालाई लैंगिक भेदभावविना समान वंशीय हकका साथै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको विशिष्ट अधिकार तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने व्यवस्थालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको विषय मनन् गर्नु सबैभन्दा महत्वपूर्ण हुन आउँछ । प्रजनन र मातृत्वलाई संविधानले आमाको मौलिक हक मानिसकेपछि नागरिकताका लागि ऐनद्धारा खोजी गरिने बाबु बारेको स्वघोषणाले एकातिर संविधानसँग तादात्म्य कायम गर्नुपर्दछ भने अर्कोतिर यसले आमाको आत्मसम्मानमाथि के कति न्याय गर्न सक्छ भन्ने प्रश्न झनै गम्भीर र विचारणीय हुन जान्छ । यो प्रश्न संविधानको धारा १६ लाई सँगै राखेर गरिएको खण्डमा अझ प्रासंगिक र स्पष्ट हुन सक्दछ । यस धाराले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ । यसमा कुनै अपवाद लागू हुन नसक्नेतर्फ समेत सम्मानित संसद्को ध्यानाकर्षण हुनु आवश्यक छ ।

७. नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्तिको जन्म राज्यका कानुनी प्रबन्ध वा तिनले परिकल्पना गरेका सीमा वा हाम्रा स्थापित सामाजिक मान्यताका आधारमा मात्र भएको छैन । कतिपय प्रजनन अन्यायपूर्ण एवं शोषणयुक्त सम्बन्धबाट समेत भएको देखिने हुँदा ती सबै आधारलाई यहाँ उल्लेख गर्नु संवेदनशीलता एवं सभ्यताका दृष्टिले पनि उपयुक्त हुँदैन । हाम्रो संविधानको लैंगिक समानता सम्बन्धी मार्गदर्शन बमोजिम आमाको नामबाट प्राप्त हुने नागरिकतामा आमालाई नै केन्द्रमा राखिने गरी पुनर्विचार हुनु सान्दर्भिक हुन्छ ।

प्रजननबारे आमाको गोपनियतालाई आफनै नागरिकता प्राप्त गर्ने क्रममा सन्तान र राज्यका निकायसामु 'बाबुका बारेमा स्वघोषणा'बाट अभिलेखीकरण गरिँदा महिलामाथि लामो समयदेखि हुँदै आएका सबै प्रकारका विभेद अन्तय गर्न हामीले गरेका संघर्षहरूनिस्फल भएर जाने त होइनन् ? भन्ने प्रश्नले हामी सबैलाई घच्घच्याउन आवश्यक छ । तसर्थ, नियमावलीमा छोड्न लागिएको स्वघोषण सम्बन्धी व्यवस्थालाई ऐनबाट नै आमा र सन्तान दुवैप्रति सम्मान र न्याय हुनेगरी पुनर्विचार हुन सम्मानित सदनको ध्यानाकर्षण हुनु आश्वयक देखिन्छ ।

८. अत: प्रस्तुत विधेयकका सन्दर्भमा आवश्यक पुनविचार गरियोस् भन्ने उपयुक्ति सन्देशसहित नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम प्रतिनिधि सभामा फिर्ता गरिदिएको छु । नागरिकता सम्बन्धी संघीय कानुन आवश्यक भएको पक्षलाई मनन् गर्दै उल्लिखित विषयउपर सम्मानीत सदनमा छलफल गरी प्राप्त भएका निष्कर्ष सहित विधेयकमा आवश्यक सुधार गरी पुन: प्रमाणीकरणका लागि पेश हुने अपेक्षा गर्दछु ।"

भन्ने व्यहोरा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्णय भएकोले प्रेषित गरेको छु ।

*आज्ञाले,*
*(यादवप्रसाद कोइराला)*
*सचिव*

## संक्षिप्त समाचार

### लोविसंघको केन्द्रीय अध्यक्षमा मिश्र



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल निकट लोकतान्त्रिक विद्यार्थी संघको केन्द्रीय अध्यक्षमा रोशन कुमार मिश्रलाई मनोनित गरिएको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरले सोमबार मिश्रलाई लोकतान्त्रिक विद्यार्थी संघको केन्द्रीय अध्यक्षमा मनोनित गरेका हुन् । लामो समयदेखि लोसपाले आफ्नो भातृ संगठनको केन्द्रीय नेतृत्व दिएको थिएन । तर आउँदो मंसिर ४ गते हुने निर्वाचनलाई मध्यनजर गरि आफ्नो भातृ संगठनलाई सक्रिय गर्न सो निर्णय गरेको हो । अध्यक्ष ठाकुरले मनोनयन पत्रमा भनेका छन्, 'देश, मधेश, विद्यार्थी एवं पार्टीको हितमा यहाँको कार्यकाल उपलब्धिमूलक हुनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्दछौं ।'

### प्रदेश १ मा विधेयक प्रमाणीकरण

विराटनगर । प्रदेश नं. १ का प्रदेश प्रमुख परशुराम खापुङले प्रदेश सभा, प्रदेश नं. १ को बैठकबाट पारित भई प्रमाणीकरणका लागि पेश हुन आएको "प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" लाई प्रमाणीकरण गरेका छन् । प्रदेश सरकार मातहतका, स्थानीय सरकार, सङ्घसंस्थाका मानवीय जनशक्तिलाई सक्षम बनाउन प्रशिक्षण प्रतिष्ठान महसुस गरे अनुसार 'प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७९' को प्रस्ताव पारीत गरि प्रमाणीकरणको लागि प्रदेश प्रमुखसमक्ष आएको थियो । यस प्रतिष्ठान स्टाफ कलेजको स्वरूपमा झापा चन्द्रगढीको कलवलगढीमा केन्द्रीय कार्यालय रहने छ ।

### समाजवादी प्रेस संगठनको मधेशमा समिति गठन

जनकपुरधाम । नेकपा एकीकृत समाजवादी निकट समाजवादी प्रेस सङ्गठन नेपालको मधेश प्रदेश समिति गठन भएको छ । संगठनको प्रथम अधिवेशनबाट १३ सदस्यीय समिति गठन गरि सम्पन्न भएको हो । अधिवेशनले सङ्गठनको मधेश प्रदेश अध्यक्षमा प्रवीण साहलाई सर्वसम्मत चयन गरेको छ । यस्तै, सङ्गठनको उपाध्यक्षमा प्रवीण शर्मा, महिला उपाध्यक्षमा प्रकृति अधिकारी, सचिव रमेश सुवेदी, सह-सचिव प्रमोद चालिसे र कोषाध्यक्षमा रामपुकार यादव चयन भएका छन् । त्यस्तै, सदस्यहरूमा सलिता सदा, नवीन साह, अजित कर्ण, नरेश गुप्ता र विनोद पटेल चयन भएका हुन् ।

### रूपन्देहीमा गोली प्रहारबाट युवक घाइते

रूपन्देही । रूपन्देहीको ओमसतियामा गोली प्रहारबाट एक युवक गम्भीर घाइते भएका छन् । गएराति करिब ११ बजे गोली चल्दा सिद्धार्थनगर नगरपालिका-१ बेलहिया बस्ने ३१ वर्षीय विकास गुरूङ घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बेदबहादुर पौडेलले जानकारी दिए । गुरूङको कम्मरमा गोली लागेको र भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको पौडेलले बताए । रूपन्देहीको ओमसतिया-४ वसन्तपुरमा सडकमा हिँडिरहेको समयमा गुरूङमाथि गोली प्रहार भएको थियो । रोहिणी गाउँपालिका- १ बाइपास रोडको सिद्धार्थ रेष्टुराँमा एक समूहले गरगहना लुटेर भाग्ने क्रममा ओमसतियाको बसन्तपुरमा रहेको वडा कार्यालय अगाडि गुरूङसँग जम्काभेट भएपछि गोली प्रहार भएको प्रहरीको अनुमान छ । सो रेष्टुराँमा काउन्टरमा भएको केही नगद र दुई तोला बराबरको सुन लुटिएको छ ।

### विभिन्न धनमाल चोरी

मोरङ । जहदा गाउँपालिका-४ रामचोकस्थित जिवन विकास लघुवित्त संस्थाबाट ४ थान विभिन्न कम्पनीको ल्यापटप र १ थान एनभिआर गरी करिब २ लाख ६० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### जुवातास खेल्ने ४ जना पक्राउ

कैलाली । गोदावरी नगरपालिका-२ शिवनगर टोलस्थित गेष्ट हाउसमा जुवातास खेलिरहेको अवस्थामा चार जना पक्राउ परेका छन् । कञ्चनपुर भिमदत्त नगरपालिका-४ बस्ने ४५ वर्षीय सन्देश केसीको सनफ्लोर गेष्ट हाउसमा जुवातास खेलिरहेको अवस्थामा केसीसहित ४ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । उक्त गेष्ट हाउसमा जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलाली र ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख ९० हजार १ सय रूपैयाँ र ११ बुक ताससहित फेला पारी पक्राउ गरेको हो ।

### बागमती नहरमा डुबेर मृत्यु

रौतहट । गरूडा नगरपालिका-९ श्रीपुरस्थित बागमती नहरमा नुहाउने क्रममा डुबेर सोही ठाउँ बस्ने २० वर्षीय बिश्वनाथ दासको सोमबार दिउँसो मृत्यु भएको छ ।

### मोटरसाइकलमा च्यापिएर चालकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ नयाँगाउँस्थित सडकमा लु.३५ प ४७४२ नम्बरको मोटरसाइकलमा च्यापिएर मोटरसाइकल चालकको मृत्यु भएको छ । सोही उपमहानगरपालिका-११ कालिकानगर बस्ने २८ वर्षीय संजय खत्रीको मृत्यु भएको हो । च्यापिएर बेहोस भएका उनको प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

### बसको ठक्करबाट तीन वर्षीय बालकको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-६ तल्लोबजारमा ना.४ ख ६११२ नम्बरको बसको ठक्करबाट एक बालकको मृत्यु भएको छ । सोही नगरपालिका-६ बस्ने जीवन रानामगरको छोरा ३ वर्षीय डेनिस राना मगरको मंगलबार बिहान मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको चपुरस्थित चपुर अस्पताल हुँदै बयोधा अस्पताल वीरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।



# आजादी का अमृत महोत्सव

# भारतको स्वतन्त्रताको ७५ वर्ष पूरा गरेको महोत्सव

## उच्चस्तरीय भ्रमण



भारतीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले २०७९ जेष्ठ २ गतेका दिन बुद्ध पूर्णिमाको शुभ अवसरमा नेपालमा अवस्थित भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको औपचारिक भ्रमण गर्नुभयो । नेपालका सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा र प्रधानमन्त्री नरेन्द्र मोदीले गौतम बुद्धको जन्मस्थल रहेको मायादेवी मन्दिरको भ्रमण गर्नुभयो । प्रधानमन्त्रीद्वय मोदी र देउवा भारत अन्तर्राष्ट्रिय बौद्ध संस्कृति तथा सम्पदा केन्द्र (India International Centre for Buddhist Culture and Heritage) को शिलान्यास समारोहमा सहभागी हुनुभयो । प्रधानमन्त्री मोदीको लुम्बिनी भ्रमणका क्रममा नेपालमा तीन वटा आइसीसीआर चेयर स्थापना, काठमाडौं विश्वविद्यालय र आइआइटी, मद्रासबीच संयुक्त शैक्षिक कार्यक्रमका लागि सहकार्य र अरूण-४ जलविद्युत परियोजना निर्माण जस्ता विषयमा सम्झौतापत्रमा हस्ताक्षर भयो ।





नेपालका सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको २०७८ चैत्र १८ देखि चैत्र २० सम्मको भारत भ्रमणको क्रममा दुवै देशका प्रधानमन्त्रीले ९० किलोमिटर लम्बाई रहेको १३२ केभी डबल सर्किट सोलु करिडोर प्रसारण लाइन तथा सबस्टेशनको संयुक्त रूपमा उद्घाटन गर्नुका साथै भारत र नेपाललाई जोड्ने जयनगर-कुर्था खण्डको पहिलो ब्रोड गज यात्रुवाहक रेलसेवाको शुभारम्भ गर्नुभयो । त्यस्तै नेपालमा भारतको रूपे डिजिटल कार्डलाई प्रयोगमा ल्याउन दुई देशका प्रधानमन्त्रीले संयुक्त रूपमा सो कार्डको शुभारम्भ गर्नुभयो ।

२०७८ कार्तिक १६ गते ग्लास्गोमा आयोजित जलवायु परिवर्तन सम्बन्धी २६ औं अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२६) को साइडलाइन वार्तामा द्विपक्षीय सहकार्यलाई अझ मजबुत बनाउनेबारे प्रधानमन्त्री मोदी र प्रधानमन्त्री देउवाबीच छलफल भयो । नेपालको प्रधानमन्त्रीको रूपमा देउवाले पदभार ग्रहण गरेपश्चात प्रधानमन्त्री मोदी र प्रधानमन्त्री देउवाबीच सन् २०२१ जुलाईमा भएको टेलिफोन वार्ता पछिको यो दुई प्रधानमन्त्रीबीचको पहिलो भेट हो ।

## राजदूतको सन्देश



भारतको ७६ औं स्वतन्त्रता दिवसको अवसरमा सबै भारतीय मित्रहरू तथा नेपालमा रहनुभएका भारतका मित्रहरूमा म हार्दिक शुभकामना टक्र्याउन चाहन्छु । हाम्रो देशले स्वतन्त्र राष्ट्रको रूपमा सफलतापूर्वक ७५ वर्ष पार गरेको आजको दिन सबै भारतीयका लागि विशेष रहेको छ ।

सन् २०२१ मार्चमा प्रधानमन्त्री मोदीले अघि सार्नुभएको "आजादीका अमृत" महोत्सव मार्फत विश्वभर रहेका भारतीय जनताले यस ऐतिहासिक क्षणलाई उत्सवको रूपमा मनाइरहेका छन् । हाम्रो देशको विकास एवम् प्रगतिका लागि विभिन्न क्षेत्रका अनगिन्ती भारतीय नागरिकले पुर्‍याएको योगदानलाई यस महोत्सवले कदर गर्दछ । यो स्वतन्त्रता दिवस आत्मनिर्भर भारतको अवधारणालाई बोध गर्नेतर्फ आफूलाई समर्पित गर्ने अवसर पनि हो जसमा आफैलाई मात्र नभई विश्वजगततर्फ पनि हेर्नुपर्ने र भारतको आत्मनिर्भरता विश्वको खुशी, सहकार्य र शान्तिसँग जोडिएको छ भन्ने सन्देश प्रधानमन्त्री मोदीको रहेको छ ।

भारतको 'छिमेक पहिलो' नीतिले यस अवधारणालाई साकार तुल्याएको छ जसमा नेपालले विशेष स्थान पाएको छ । साझा साँस्कृतिक परम्परा सहितको हाम्रो सदियौं पुरानो सम्बन्ध आजको हामीबीचको साझेदारीको आधारको रूपमा रहेको छ । बुद्ध पूर्णिमाको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०२२ मे मा गर्नुभएको लुम्बिनी भ्रमणले दुई देशका जनताबीचको गहिरो सम्बन्ध र संस्कृतिलाई प्रतिबिम्बित गर्दछ ।

भारत प्रगतिपथमा लम्कदै गर्दा पारस्परिक हित र समृद्धिका लागि नेपालसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको छ । भारतले नेपालसँगको विकास साझेदारीलाई प्राथमिकतामा राख्दै आएको छ र सदैव राखिरहनेछ । गएको वर्षमा विभिन्न परियोजनाहरू सम्पन्न भएका छन् भने नयाँ परियोजनाहरू पनि सुरू भएका छन् । यी परियोजनाको कूल लागत १२.७ मिलियन अमेरिकी डलर रहेको छ । भारतको अनुदान सहयोगमा पुनर्निर्माण भएका ५०,००० घर सन् २०२१ नोभेम्बरमा नेपाल सरकारलाई हस्तान्तरण भएकोमा म अत्यन्तै खुशी छु । २०७२ सालको विनाशकारी भूकम्पपश्चात भारत सरकारले गरेको प्रतिबद्धतामध्ये यो एक हो ।

पछिल्लो एक वर्षमा दुई देशबीच कनेक्टिभिटी सुदृढ गर्नेतर्फ महत्वपूर्ण प्रगति भएका छन् । जयनगर-कुर्था रेलमार्फत भारत र नेपाललाई जोड्ने ब्रोड गज यात्रुवाहक रेलसेवाको संचालन, नेपालमा रूपे कार्डको सुरूवात, सोलु करिडोर प्रसारण लाइनको उद्घाटन र नेपालले भारततर्फ गर्दै आएको विद्युत निर्यातमा वृद्धिले दुई देशबीचको सहकार्य एवम् सम्पर्कलाई पुष्टि गर्दछ । गत अप्रिल महिनामा नेपालका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा उर्जा सहकार्यबारे जारी भएको संयुक्त अवधारणा वक्तव्यले भविष्यमा भारत र नेपालबीच हुने सहकार्य एवम् पारस्परिक हित साझेदारीको खाका तय गरेको छ ।


समृद्ध भविष्यका लागि नेपालमा रहेका हाम्रा साझेदारहरूसँग हातेमालो गर्दैगर्दा भारत र नेपालबीचको बहुआयमिक सम्बन्धलाई सुदृढ र विस्तार गर्न भारतीय राजदूतावास, काठमाडौं सदैव प्रयासरत रहनेछ ।

आगामी वर्षभर आजादीका अमृत महोत्सव अन्तर्गत भारतीय राजदूतावासले थुप्रै कार्यक्रमहरू आयोजना गर्ने योजना बनाएको छ । यस महोत्सवमा उत्साहपूर्वक सहभागी हुन म सबैलाई विनम्र आग्रह गर्दछु । भारत स्वतन्त्रताको ७५ वर्षको अवसरमा नेपालमा रहनुभएका सबै भारतीय साथीहरूलाई म पुनः एकचोटी हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

नवीन श्रीवास्तव

## विकास साझेदारी





### पुनर्निर्माण परियोजनाहरू


**त्रिभुवन विश्वविद्यालय पुस्तकालयको भूमिपूजन समारोह**


भारत सरकारको ५० मिलियन अमेरिकी डलर अनुदान सहयोगमा निर्माण हुने त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय परियोजनाको शिलान्यास गरियो । कूल नेरू ३१.६९ करोडको लागतमा नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी पुनर्निर्माण मापदण्ड अनुरूप यस पुस्तकालयको निर्माण हुनेछ ।

**ऐतिहासिक नेपाल भाषा परिषद् भवनको पुर्नस्थापना र संग्रहालयको विकास**


सामुदायिक सदस्य र केन्द्रिय आयोजना कार्यान्वयन इकाई एवम् काठमाडौंस्थित इन्डियन नेशनल ट्रष्ट फर आर्ट एण्ड कल्चरल हेरिटेजका प्रतिनिधिको उपस्थितिमा ऐतिहासिक नेपाल भाषा परिषद् भवनको पुर्नस्थापना र संग्रहालयको विकासका लागि शिलान्यास कार्यत्रम सम्पन्न भयो ।

### जयनगर-कुर्था-बिजलपुरा रेलमार्ग





- भारत र नेपालका प्रधानमन्त्रीले २०७८ चैत्र १९ गते नयाँ दिल्लीबाट ३४.९ किमि लामो जयनगर (भारत)-कुर्था (नेपाल) रेल खण्डको उद्घाटन गर्नुभयो । जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्ग परियोजना अन्तर्गतको यस रेल खण्डको निर्माण नेरू ८ अर्ब ७७ करोडको लागतमा भएका हो ।



### रक्सौल-काठमाडौं रेलमार्गः

- रक्सौल-काठमाडौं रेलमार्गको अन्तिम स्थलगत सर्वेक्षणको ५० प्रतिशत काम सम्पन्न



### राष्ट्रिय प्रहरी प्रतिष्ठानः

- नेपाल प्रहरी प्रतिष्ठानको निर्माणका लागि २०७९ आषाढ २ गते ठेक्का सम्झौता हस्तान्तरण र आषाढ १३ गते सो सम्झौतामा हस्ताक्षर



### एम्बुलेन्स र स्कूल बस उपहारस्वरूप प्रदान

- गएको एक वर्षमा भारत सरकारले नेपाललाई ७५ वटा एम्बुलेन्स र १७ वटा स्कुल बस उपहारस्वरूप प्रदान गरिसकेको छ । सन् १९९४ यता भारतले नेपालका विभिन्न जिल्लाका लाभग्राही संस्थाहरू लाई हालसम्म ९४० वटा एम्बुलेन्स र १८४ वटा स्कुल बस उपलब्ध गराइसकेको छ ।



### उच्च प्रभाव सामुदायिक परियोजना


उच्च प्रभाव सामुदायिक परियोजना अन्तर्गत कास्की, मुस्ताङ, पर्वत, कपिलवस्तु, डोटी, ताप्लेजुङ, तनहुँ, नुवाकोट, महाकाली, खलंगा र दार्चुला जिल्लामा निर्माण भएका १४ वटा विद्यालयको उद्घाटन सम्पन्न भइसकेको छ । उदयपुर जिल्लामा नयाँ विद्यालय भवनको निर्माणका लागि शिलान्यास ।

अन्य यस्तै निर्माण सम्पन्न भएका परियोजनाहरूमा मोरङमा आरोहण गुरूकुलका लागि निर्मित थिएटर कम्प्लेक्स, ललितपुरको ज्यापु समाज ज्येष्ठ नागरिक आनन्द निकेतन भवन, कैलालीमा अवस्थित नेपाल प्रहरी विद्यालयका लागि निर्मित बहुउद्देश्यीय हल, छात्रावास र शिक्षक/शिक्षिका आवास भवन, खानेपानी आपूर्ति परियोजना, सोलुखुम्बु, महात्मा गान्धी मेमोरियल अस्पताल भवन, भोजपुर र सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्यूट, सिन्धुली रहेका छन् ।

भारत सरकारले दार्चुला जिल्लामा विद्यालय भवन तथा स्वस्थ्य चौकी र धादिङ जिल्लामा सिँचाई परियोजना निर्माणका लागि नेरू ७.०८७ करोड उपलब्ध गराउने भएको छ । त्यस्तै सोलुखुम्बु जिल्लामा फोहोर पानी व्यस्थापन परियोजनाका लागि पनि भारतले नेरू ४.११ करोड सहयोग गर्नेछ ।

मधेस प्रदेशका सर्लाही, रौतहट र सप्तरी जिल्लाका पिछडिएका घरपरिवारलाई एलपीजी ग्यास चुलो, ग्यास सिलिण्डर लगायतका समाग्रीको उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्

## निरन्तर भेटवार्ता



- २०७८ चैत्र १५ गते कोलम्बोमा आयोजित १८ औं बिमस्टेक मन्त्रीस्तरिय बैठकको साइडलाइन वार्तामा भारतका विदेशमन्त्री डा. एस जयशंकर र नेपालका माननीय परराष्ट्रमन्त्री डा. नारायण खड्काबीच द्विपक्षीय भेटवार्ता भयो ।
- २०७८ आश्विन १० गते न्युयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघ महासभाको साइडलाइन वार्तामा भारतका विदेशमन्त्री डा. एस जयशंकर र नेपालका माननीय परराष्ट्रमन्त्री डा. नारायण खड्काबीच द्विपक्षीय भेटवार्ता भयो ।

## उर्जा सहकार्य



- उर्जा सहकार्यबारे भारत-नेपाल संयुक्त अवधारणा वक्तव्यः
क. नेपालमा विद्युत उत्पादन परियोजनाको विकास, अन्तरदेशीय प्रसारण पूर्वाधारको निर्माण, आपसी फाइदामा आधारित दुवै देशका उर्जा बजारमा उपयुक्त पहुँचका लागि द्विदिशात्मक उर्जा व्यापार, दुवै देशको बजारको माग तथा उपयुक्त आन्तरिक नियमन, राष्ट्रिय प्रसारण लाइनको सञ्चालन र उर्जा परिचालन एवम् प्रविधि सम्बन्धि सूचनाको आदानप्रदानका लागि संस्थागत सहकार्य
- नेपालले भारतर्फ गर्दै आएको विद्युत निर्यातमा वृद्धि
- मोदि-लेखनाथ प्रसारण लाइन तथा सबस्टेसन परियोजना अन्तर्गत निर्माण भएका तीनवटा सबस्टेसनको उद्घाटन
- १३२केभि सोलु कोरिडोर प्रसारण लाइनको उद्घाटन
- अरूण-४ परियोजना कार्यान्वयनका लागि सहमति

## आजादीका अमृत महोत्सव कार्यक्रम



'संस्कृतः पूर्वी संस्कृतिको स्रोत' विषयक अन्तर्राष्ट्रिय संस्कृत सेमिनार



'काश्गिरको स्वाद' कार्यक्रम काश्मिरी लोक नृत्य प्रस्तुत



विश्व हिन्दी दिवसको अवसरमा हिन्दुस्तानी गायन संगीतका विद्यार्थीहरू गायन प्रस्तुत गर्दै



अन्तर्राष्ट्रिय महिला दिवस कार्यक्रम




महाशिवरात्रीको पूर्वसन्ध्यामा पशुपतिनाथ मन्दिरमा आयोजित सन्ध्या आरतीका क्रममा सांस्कृतिक कार्यक्रम



अन्तर्राष्ट्रिय योग दिवस कार्यक्रम मनाइदै

## रक्षा सहकार्य



सूर्य किरणः भारत-नेपाल संयुक्त सैन्य अभ्यास 'सूर्यकिरण' को १५औं संस्करण भारतीय सेना र नेपाली सेनाका तीन-तीन सय सैनिक टोलीको सहभागितामा भारतमा सम्पन्न भएको छ ।




नेपाली सेनाका लागि वर्कशप ट्रक (workshop truck) उपहारस्वरूप प्रदान

## व्यापार तथा वाणिज्य सुदृढीकरण



गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०२१-२२ मा भारततर्फको नेपालको निर्यात १०३.६७ प्रतिशतले वृद्धि भएको छ




रूपय कार्डको सुरूवात ।



रेल सेवा सम्झौताका लागि 'नोट भर्वल' (Note Verbales) तथा विनिमय पत्रको आदानप्रदान ।




तेस्रो कनेक्ट (इन) उद्यमशीलता सम्मेलन ।

## शिक्षा सहयोग



भारत सरकारले सन् २०२१ को जनवरीदेखि २०२२ को जुलाईसम्म नेपाली विद्यार्थीहरूलाई विभिन्न शैक्षिक कार्यक्रम अन्तर्गत झण्डै २४०० वटा छात्रवृत्ति प्रदान गरेको छ ।

स्थापना भएको ५७ वर्षको अवधिमा विश्वभरका दुई लाख भन्दा बढी व्यक्तिहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

**नेपालमा अध्ययनका लागि**

- **१०००** — कक्षा ११ र १२ मा अध्ययनका लागि महात्मा गाँन्धी छात्रवृत्ति योजना
- **४००** — स्नातक तहका विभिन्न विषयमा अध्ययनका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना

**भारतमा अध्ययनका लागि**

- **९५०** — स्नातक, स्नातकोत्तर र पीएचडी तहका विभिन्न कोर्ष अध्ययनका लागि
- **५९** — भारतका आर्मी पब्लिक स्कुलमा अध्ययनका लागि

स्ववित्तिय योजना अन्तर्गत नेपाली विद्यार्थीहरूलाई भारतका प्रतिष्ठित मेडिकल कलेज र राष्ट्रिय प्रौधोगिकी संस्थानमा एमबिबिएस, बिडिएस, इन्जिनियरिङ्ग, आर्किटेक्चर र फार्मेसीमा अध्ययनका लागि सिधै भर्ना लिइन्छ ।

## विश्व परिवेश

# स्वतन्त्रता दिवसको अवसरमा ७५०० वर्ग फुटको तिरंगा प्रदर्शन



संयुक्त प्रयासमा, हिमालयन पर्वतारोहण संस्थान (एचएमआई), दार्जिलिङ, श्रीनगरको होटल व्यवस्थापन संस्थान र भारत सरकारको पर्यटन मन्त्रालय (उत्तर) ले डल तालको किनारमा ७५०० वर्ग फुटको भारतीय तिरंगा प्रदर्शन गऱ्यो। श्रीनगर मा।

यो आजादी का अमृत महोत्सव र ब्रिटिश औपनिवेशिक शासनबाट भारतको स्वतन्त्रताको ७५ औं वार्षिकोत्सव मनाउन गरिएको थियो। झण्डा "भारत सरकारको हर घर तिरंगा अभियान" को एक हिस्सा हो।

यस ऐतिहासिक अवसरमा प्रमुख अतिथि जम्मु कश्मीरका लेफ्टिनेन्ट गभर्नर मनोज सिन्हा थिए। जम्मू-कश्मीरका जनतालाई हार्दिक बधाई दिँदै उपराज्यपालले आगामी २५ वर्षको विकास रणनीतिबारे पनि चर्चा गरे।

झण्डाको तौल ८० देखि ८५ किलोग्रामसम्मको थियो जसको सहायक सामग्री थियो। टोली मानव मेसिन इन्टरफेस ले अप्रिल २०२१ मा सिक्किम हिमालयमा र त्यसपछि अगस्ट १५, २०२१ मा कोलकाताको भिक्टोरिया मेमोरियल र अक्टोबर ३१, २०२१ मा गुजरातको स्ट्याच्यु अफ युनिटीमा सोही झण्डा देखाएको थियो।

त्यसपछि, झण्डा अन्टार्कटिकामा प्रदर्शन गरियो, जुन अन्टार्कटिकामा पहिलो पटक प्रदर्शन गरिएको कुनै पनि देशको सबैभन्दा ठूलो राष्ट्रिय झण्डाको विश्व कीर्तिमान कायम गरियो।

श्रीनगर आइपुग्नु अघि, भारत छोडो आन्दोलनको ८० वर्षको सम्झनामा अगस्ट ८ मा दार्जिलिङमा झण्डा फहराइएको थियो।

झण्डा ठूलो भएकोले तीनवटा प्यानलमा बनाइएको थियो । झण्डालाई उच्च गतिको हिमाली हावाहरू, अन्टार्कटिकाको सब्जरो तापक्रम र अन्य कठोर मौसमका घटकहरू जस्ता मौसमको चरम प्रतिरोध गर्नको लागि, यसको स्थिरता कारकमा विशेष ध्यान दिइयो र सुरक्षा एङ्करहरू सही रूपमा राखिएको थियो।

कार्यक्रममा ट्रभल एण्ड हस्पिटालिटी उद्योगका प्रतिनिधि, सरकारी अधिकारी, विद्यार्थी, सञ्चारमाध्यम लगायत विभिन्न क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको थियो। -इण्डिया न्यूज नेटवर्क

# अजहरलाई विश्वव्यापी आतंककारी घोषणा गर्ने प्रस्तावमा चीनको अवरोध

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को उपनेता अब्दुल रउफ अजहरलाई सूचीकृत गर्ने भारत र अमेरिकाको कदमलाई चीनले 'होल्ड' गरेको बेला नयाँ दिल्लीमा केही अप्ठ्यारो मनमुटाव भएको छ । पाकिस्तान आधारित जैश-ए-मोहम्मद आतंकवादी संगठन, एक विश्वव्यापी आतंकवादी को रूप मा, एक पदनाम जुन २०१० देखि अमेरिकी खजाना विभाग द्वारा पुस्तकहरूमा छ। अजहर जेएमका संस्थापक मसूद अजहरका भाइ हुन्।

लगभग दुई महिनामा यो दोस्रो पटक हो कि बेइजिङ प्राविधिक होल्डको लागि गएको थियो, पहिलेको उदाहरण लश्कर-ए-तैबा नेता अब्दुल रहमान मक्की, आतंककारी समूहका संस्थापक हाफिज सईदको दाजु हो।

प्राविधिक होल्डहरू करिब छ महिनासम्म जारी रहनेछ जबसम्म निश्चित रूपमा चीनले तिनीहरूलाई उठाउने निर्णय गर्दैन जुन विश्व निकायमा र प्रतिबन्ध समितिको अगाडि यसको ट्र्याक रेकर्डको कारण अत्यन्तै असम्भव प्रस्ताव हो। र त्यसपछि होल्डहरू जारी राख्ने विकल्प छ।

सुरक्षा परिषदका अन्य सदस्यहरू नामित आतंकवादीहरू विरूद्धको प्रमाणहरूमा विश्वस्त भए पनि, बेइजिङले थप प्रमाणहरूको लागि पर्खन जारी राखेको छ - एक त्रुटिपूर्ण रणनीति जसले यो तथ्यलाई हटाउँछ कि यो अविवादित प्रमाणहरूको अनुहारमा समय चिन्ह लगाउने मात्र हो।

अजहरको मामलामा, सुरक्षा परिषदका अन्य चौध सदस्यहरू नयाँ दिल्ली र वाशिंगटनले प्रस्तुत गरेका प्रमाणहरूमा विश्वस्त थिए र चीन एकमात्र असहमति थियो। सन् १९९९ मा काठमाडौंबाट कान्दाहारका लागि उडेको इन्डियन एयरलाइन्सको फ्लाइट ८१४ को अपहरणबाट सुरू गरेर, अजहर सन् २००१ मा भारतीय संसदमा भएको आक्रमण र २०१६ मा पठानकोटस्थित भारतीय वायुसेनाको बेसमा भएको आक्रमणमा संलग्न थिए।

बेइजिङले आफ्नो ग्राहक राष्ट्र पाकिस्तानलाई राष्ट्रहरूको कमिटीमा हुने निश्चित हप्काबाट बचाउन लामो अवधिमा छोटो अवधिको लाभलाई हेरेको यो पहिलो पटक होइन। र यस प्रक्रियामा, यो चीन हो जसले आतंकवादको सबै महत्त्वपूर्ण मुद्दाको सामना गर्न आफ्नो अदूरदर्शी संदिग्ध मापदण्डहरू संसारलाई देखाएको छ।

लगभग एक दशकसम्म चीनले जैश प्रमुख मसूद अजहरको बारेमा "थप जानकारी" को आवश्यकता राख्यो र यसले अब विश्वव्यापी दबाबको सामना गर्न नसक्ने र मे २०१९ मा छोड्यो। चीन र पाकिस्तान दुवैलाई राम्रोसँग थाहा छ कि आतंकवादको नामले देशलाई अनिवार्य हुनेछ। जहाँ उहाँ/उनी कोष फ्रिज गर्न, हतियारको पहुँच कटौती गर्न र यात्रा प्रतिबन्ध लागू गर्न बस्दै हुनुहुन्छ। मूलतः यो एक पर्खाइको खेल हो जुन अन्तर्राष्ट्रिय प्रणालीमा जिम्मेवार खेलाडीहरू धेरै सचेत छन्; तर सी जिनपिङले बुझ्नुपर्छ कि चीनले ठूलो तस्विर हेर्न अस्वीकार गरेर आफ्नो कूटनीतिक हैसियत र दबदबा गुमाएको छ र कुनै पनि कल्पनाको दायराले विश्व अभिनेताहरू - र त्यसमा जिम्मेवार व्यक्तिहरू - राष्ट्रहरूद्वारा सीमित हुन रूचाउँछ।

आतंकवादको मुद्दामा पाकिस्तानको खुट्टा समात्नुले अस्पष्ट संकेतहरू पठाउने थियो; बरू, बेइजिङले आर्थिक अराजकता र राजनीतिक अनिश्चितताको सामना गर्दै दक्षिण एसियामा आफ्नो नयाँ सहयोगीलाई हास्यास्पद बनाउन रूचायो। र भारतसँग द्विपक्षीय रूपमा, चीन धेरै मुद्दाहरूमा पीडामा रहेको छ जसमा क्षेत्रीय अडान ती मध्ये एक मात्र हो।

पछिल्लो समय अन्तर्राष्ट्रिय प्रणालीमा चीनको भूमिकालाई विशेष गरी आक्रामकताको भावना र विशेष गरी समुद्री कानूनसँग सम्बन्धित स्वीकृत अन्तर्राष्ट्रिय मान्यताहरूलाई बेवास्ता गर्ने दृढताका साथ धेरै चासोका साथ हेरिएको छ।

चाहे यो दक्षिण चीन सागर वा पूर्वी चीन सागरसँग सम्बन्धित होस्, बेइजिङले विश्वव्यापी मामिलामा बहुपक्षीयताका सबै तत्वहरूलाई हावामा फ्याक्ने आफ्नो मांसपेशीहरू झुकाउने मनोवृत्ति देखाएको छ। त्यहाँ एक तर्क छ कि चीनले युक्रेन मा संकट मा कूटनीतिक माथिल्लो हात कब्जा गर्न सक्छ; यसको सट्टा औपचारिक रूपमा रूससँग आफ्नो चिट्ठा फ्याँक्न नदिई मुख्यतया यसलाई संयुक्त राज्य अमेरिका र युरोपमा पुऱ्याउनको लागि मार्ग चार्ट गर्‍यो।

वाशिंगटन र युरोपका राजधानीहरू युक्रेनमा रसियाको वास्तविक चिन्तालाई जानाजानी ध्यान नदिनेमा संलग्न थिए तर यसले भ्लादिमिर पुटिनलाई इतिहासको नाममा आक्रमण गर्ने अधिकार दिएन।

साथै अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणलाई बेइजिङले फरक र राम्रो तरिकाले सम्हाल्न सक्छ कि सक्दैन भन्ने प्रश्न पनि उठेको छ । ताइवान र वरपर प्रत्यक्ष सैन्य अभ्यासहरू सहित चीनले लगाएको सबै कोलाहल राजनैतिक रूपमा धेरै मात्रामा थिएन किनभने भारतलगायत केही राष्ट्रहरूले यस अवसरलाई बलपूर्वक बोल्न वा उनीहरूको "एक चीन" नीति दोहोर्याउन प्रयोग गरे।

अन्य देशहरू जस्तै भारत पनि हालैका घटनाक्रममा चिन्तित छ। हामी संयमको अभ्यास गर्न, यथास्थिति परिवर्तन गर्न एकपक्षीय कार्यहरूबाट बच्न, तनाव कम गर्न र क्षेत्रमा शान्ति र स्थिरता कायम गर्न प्रयास गर्न आग्रह गर्दछौं, "नयाँ दिल्लीले भने।

एक फरक परिप्रेक्ष्यमा यो तर्क गर्न सकिन्छ कि चीन "आक्रमण" ताइवानको धम्कीले त्यो टापु राष्ट्रमा मात्र नभई पूर्व र दक्षिण पूर्व एशियामा पनि दक्षिणपन्थीहरूको अडानलाई कडा बनाएको हुन सक्छ। फेरि, एक काउन्टर-उत्पादक अभ्यास जसले ठूलो विश्वव्यापी वातावरण र चित्रलाई ध्यानमा राख्न असफल भयो।

अप्रत्यक्ष रूपमा आतंकवादलाई समर्थन गर्ने परिणामहरू व्याख्या गर्न नोबेल पुरस्कार विजेता आवश्यक पर्दैन। चीनले सामान्य रूपमा भनिरहनुको लागि यसलाई ज्ञात र नामित आतंककारीहरूको बारेमा "अतिरिक्त जानकारी" चाहिन्छ भनेर उनीहरूका हितकर्ताहरूलाई के खोजिएको हो भनेर सोध्नु भन्दा अगाडि जान आवश्यक छैन।

विगतमा भारतीय गुप्तचर एजेन्सीहरूले वान्टेड अपराधीहरू, ठगहरू र आतंककारीहरूको ठ्याक्कै आवासीय ठेगानाहरू उपलब्ध गराए पनि उपयोग भएनन्। चीनले खोजेको विवरण १२६७ प्रतिबन्ध समितिसँग नभई इस्लामाबादमा रहेका आफ्ना नजिकका साथीहरूसँग छ।

*-इण्डिया न्यूज नेटवर्क*

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com

## जिल्ला समाचार

### दिवा खाजाले विद्यार्थी नियमित

बाँके । बाँकेको नरैनापुर गाउँपालिकामा रहेका मदरसा र विद्यालयमा दिवा खाजाको कार्यक्रम सञ्चालनमा ल्याइएपछि विद्यालयमा उपस्थित हुने विद्यार्थी संख्यामा अप्रत्याशित वृद्धि भएको छ । नरैनापुर गाउँपालिकाले सबैको शिक्षामा पहुँच भन्ने उद्देश्यका साथ सुरू गरेको बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई लक्षित गरी सुरू गरिएको दिवा खाजा कार्यक्रमले विद्यार्थीलाई विद्यालयसम्म आउने वातावरण तयार भएको नरैनापुर २ का वडा अध्यक्ष मसुद अहमद शाहले बताए । नरैनापुरमा विद्यालय बाहिर रहेका विद्यालय जाने उमेरका करिब ४० प्रतिशत विद्यार्थीहरूमध्ये दिवा खाजा सञ्चालन भएपछि ३५ प्रतिशत जति विद्यालयमा भर्ना भई नियमित विद्यालय आउने गरेको वडा अध्यक्ष शाहको भनाई थियो । नरैनापुर-२ लक्ष्मणपुरमा रहेको मदरसा सिराजिया इसरारूल उलूम लगायत नरैनापुर क्षेत्रमा दिवा खाजा कार्यक्रम संचालनमा आएपछि मदरसा लगायत विद्यालयमा विद्यार्थीको उपस्थितिमा उल्लेख्य रूपमा वृद्धि भएको प्रमुख प्रशासकीय अधिकृत भरत बस्नेतले बताए । यस्तै नरैनापुर-४ मा रहेको मदरसा अरविया गुल्सने वारिस उन्मतुलुममा पनि अचेल विद्यार्थीको बढ्दै गएका छन् । कक्षा ३ सम्म सञ्चालनमा रहेको यस मदरसामा ३०७ बालबालिका अध्ययनरत छन् । अत्यन्तै न्यून विद्यार्थी रहेको मदरसामा दिवा खाजा कार्यक्रमले चमत्कार नै गरेको मदरसाका प्रधानाध्यापक अब्दुल रहमान खाँले बताए ।

### बाँकेमा दुई छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

बाँके । बाँकेमा छुट्टाछुट्टै घटनामा बुधबार दुई जनाको मृत्यु भएको छ । कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिकामा एक एक जनाको मृत्यु भएको हो । नेपालगञ्ज उपमहानगरपालिकाको आरम्भ पुनःस्थापना सुधार केन्द्रमा बढैयाताल गाउँपालिका-८ का ५२ वर्षीय रमेश अधिकारीको मृत्यु भएको हो । नेपालगञ्ज उपमहानगरपालिका-१० मा रहेको सुधार केन्द्रमा उनलाई असहज भएपछि अस्पताल लैजाँदै गर्दा बाटोमै अधिकारीको मृत्यु भएको प्रहरी नायब उपरीक्षक रामप्रसाद घर्तीले जानकारी दिए । उनी एक साताअघि मात्रै उक्त सुधार केन्द्रमा आएका थिए । अधिकारीको मृत्युका विषयमा अनुसन्धान अघि बढाएको उनले बताए । त्यस्तै कोहलपुर-७ स्थित जङ्गलमा आज एक बालकको शव फेला परेको छ । कोहलपुर-१४ का अन्दाजी १६ वर्षीय बालकको शव फेला परेको प्रहरी नायव उरीक्षक घर्तीले जानकारी दिए । उनको शरीर र टाउकोमा चोट छ । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनाको अनुसन्धानको क्रममा शङ्कास्पद एक व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### बहिनीको प्रेमीको आशंकामा युवकको हत्या

पर्सा । बाराको बिश्रामपुर गाउँपालिका-५ इटियाही बस्ने २३ वर्षीय राजकुमार ठाकुरको अपहरणपछि बन्धक बनाई हत्या गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बारा बिश्रामपुर गाउँपालिका-५ का दाजुभाइ २८ वर्षीय उत्तम पटेल र ३० वर्षीय प्रितम पटेल रहेका छन् । प्रहरीका अनुसार राजकुमार ट्युसन पढ्न पर्सा वीरगन्ज महानगरपालिका-१६ नगवातर्फ साईकल चढी गएपछि सम्पर्कविहीन भएका थिए । त्यसपछि जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले घटनाको अनुसन्धानका लागि वीरगन्ज महानगरपालिका-१६ नगवास्थित टेलर सञ्चालन गर्दै आएका उत्तम पटेल र उनकै दाइ प्रितम पटेललाई नियन्त्रणमा लिएको थियो । थप अनसुन्धानको क्रममा राजकुमार र पटेका बहिनीबीच प्रेम सम्बन्ध रहेको शङ्कामा राजकुमारलाई आफ्नै टेलरमा लगि हत्या पश्चात शव बोराभित्र राखी भारत लगि छोडेको पटेल दाजुभाइले स्वीकारेका थिए । उनीहरूले शवलाई ना.३८ प ४३९५ नम्बरको मोटरसाइकलमा भारतको रक्सौल रेल्वे स्टेशन पुऱ्याई मुजफ्फरपुर जाने ट्रेनको शौचालय छेउको खाली ठाउँमा छोडेको प्रहरीले जनाएको छ ।

### शिक्षा व्यवस्थापन समितिको उपाध्यक्षमा खाँ

इमरान खान, कपिलवस्तु । लुम्बिनी प्रदेश सरकारले मदरसा शिक्षा व्यवस्थापन समन्वय समितिको उपाध्यक्षमा कपिलवस्तुका मशहूद खाँलाई नियुक्त गरेको छ । मदरसा शिक्षालाई मूलधारमा ल्याउन बुधबार बसेको मन्त्रिपरिषद् बैठकले मौलाना खाँलाई उपाध्यक्षमा नियुक्त गरेको सरकारका प्रवक्ता तिलकराम शर्माले बताए । मशहुद खाँ कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं.३ का स्थायी बासिन्दा हुन् । यसअघि शंकर पोखरेल मुख्यमन्त्री भएका बेलासमेत मशहूद खाँलाई उपाध्यक्षमा नियुक्त गरेका थिए । यद्यपि उनको शपथ गर्ने र जिम्मेवारी सुम्पने काम भएको थिएन । खाँ यसअघि मदरसा संघका केन्द्रीय महासचिव रहेका थिए । भाषा आयोग र पाठ्यक्रम विकास केन्द्रको उर्दू विज्ञसमेत रहेका छन् । उनी मदरसाबाट फजिलत (स्नाकोत्तर) गरेका र उर्दु फाजिजामिया सिराजुल उलुम र जमियत अलहेराको प्रवक्ता रहेका छन् । उनी मातहतका सदस्यहरू शिक्षा तथा खेलकुद मन्त्रालयले नियुक्त गर्नेछ । जसको अध्यक्ष शिक्षा तथा खेलकुदमन्त्री रहने नियम रहेको छ । यसअघि लुम्बिनी प्रदेश सरकारले प्रदेशस्तरीय मदरसा शिक्षा व्यवस्थापन कार्यविधि २०७६ तयार गरेको थियो । त्यसमा मुस्लिम समुदायको अरबी र उर्दू भाषामा अध्यापन र तालीम दिने शैक्षिक संस्था मदरसालाई व्यवस्थापन गर्न समन्वय समिति गठन गर्ने उल्लेख छ । लुम्बिनीमा करिब ७ प्रतिशत मुस्लिम रहेका छन भने झण्डै १ हजार मदरसा रहेको छ । त्यसमा मान्यता प्राप्त ४ सय १७ मदरसा रहेको छ ।

### होटलमा एक जोडी मृत फेला

रूपन्देही । बुटवल उपमहानगरपालिका वडा नं २ फूलबारीचोकमा रहेको कारिकोट होटेलमा एक जोडी रहस्यमय तरिकाले मृत अवस्थामा भेटिएका छन् । इलाका प्रहरी कार्यालय बुटवलका अनुसार धादिङको कुमपुर -५ ठेगाना भएका अन्दाजी ३५-३६ वर्ष उमेरका सिताराम भुजेल र थर-ठेगाना स्पष्ट नखुलेकी पुष्पा नामले बोलाइने अन्दाजी २५ वर्षीया युवती मृत फेला परेका हुन्। पुरूषको शव होटलको कोठामा रहेको पङ्खामा झुण्डिएको अवस्थामा र महिलाको शव बिस्तारमा रगताम्य अवस्थामा भेटिएको थियो । प्रहरीका अनुसार ती महिला डेढ महिनाअघि नेपालगन्ज घरबाट दाँग जान्छु भनेर हिँडेपछि हराएको हुनसक्ने अनुमान छ । उनीहरू आइतबार राति त्यस होटेलमा बस्न आएको होटल व्यवसायीले बताएका छन् ।

### करेन्ट लागेर मृत्यु

रौतहट । गरूडा नगरपालिका-१ जयनगर बस्ने ५७ वर्षीय राम प्रसाद यादवको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । आफ्नै धान खेतमा धान गोड्ने क्रममा खेत नजिकै रहेको विद्युतको पोल लडेर करेन्ट लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

### लागूऔषधसहित युवक पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट १ सय २० ट्याब्लेट नियन्त्रित लागूऔषध नाईट्राभेट सहित काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-१० बस्ने २५ वर्षीय आशिस शाहीलाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय विर्ता पर्सा र लागूऔषध नियन्त्रण ब्यूरो वीरगंजबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा आशिसको साथबाट उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### खैरोहेरोइनसहित महिला पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-३ चिसापानीबाट करिब ४ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने सेती महाकाली होटलकी संचालक ५० वर्षीया बिमला केसीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरी जाँच गर्ने क्रममा बिमलालाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । साथै आवश्यक अनुसन्धान एवं सोधपुछको क्रममा उक्त लागूऔषध सोही ठाउँ बस्ने २८ वर्षीया दिपा बिष्ट (साउद)ले बिक्री गर्न दिएको भन्ने खुल्न आएपछि उनलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

### युवक मृत फेला

धनगढी । कैलालीको धनगढीमा एक जना मृत अवस्थामा भेटिएका छन् । धनगढी उपमहानगरपालिका-१३ राजपुरस्थित मोहनापुल-अत्तरीया ६ लेन सडक खण्डको दायाँ तर्फको लेनभन्दा बाहिर एक जना मृत भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मृत भेटिनेमा राजपुरकै ३५ वर्षीय छिता राना रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# काठमाडौंमा मनाइयो भारतको ७६औं स्वतन्त्रता दिवस





काठमाडौं । भारतीय राजदूतावास काठमाडौंले भारतको ७६औं स्वतन्त्रता दिवस मनाएको छ ।

यो कार्यक्रम भारत स्वतन्त्रताको ७५ वर्षको ऐतिहासिक उपलब्धिलाई सम्झना गर्न भारत सरकारले सन् २०२१ मार्चमा अघि सारेको आजादीका अमृत महोत्सवकै एक हिस्साको रूपमा रहेको छ ।

दूतावासका काउन्सिलर प्रसन्न श्रीवास्तवले झण्डोत्तोलन गरेसँगै कार्यक्रमको शुभारम्भ भएको थियो । तत्पश्चात उनले भारतका राष्ट्रपति द्रौपदी मुर्मूले स्वतन्त्रता दिवसको अवसरमा देशको नाममा गरेको सम्बोधन पढेर सुनाएका थिए ।

भारतको स्वतन्त्रताको खातिर स्वतन्त्र सेनानीहरूले गरेको बलिदानको सम्झना गर्दै राष्ट्रपति मुर्मूले भारतले हासिल गरेको उपलब्धिहरूको चर्चा गरेकी थिइन् ।

भारतका राष्ट्रवादी कवि कुवेम्पुलाई उदृत गर्दै उनले मातृभूमि र भारतीय नागरिकको उत्थानका लागि भारतका युवालाई पूर्ण रूपमा समर्पित भई अघि बढ्न आह्वान गरेकी थिइन् ।

कार्यक्रममा दूतावासले भारतीय सशस्त्र बलका दिवंगत सैनिकका श्रीमती र निकटतम नातेदारहरूलाई नेरू २.६५ करोड प्रदान गरी सम्मान गरिएको छ । दूतावासले आजादीका अमृत महोत्सव हाजिरीजवाफ प्रतियोगिताका विजेताहरूलाई पुरस्कृत गरेको छ ।

देश बाहिर रहेका भारतीय युवा र विदेशी नागरिकलाई भारतबारे जानकारी थाहा पाउन प्रेरित गर्ने उद्देश्यले भारत सरकार विदेश मन्त्रालयले सो हाजिरीजवाफको आयोजना गरेको थियो ।

कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय, काठमाडौंका शिक्षक तथा विद्यार्थीले देशभक्ति गीत लगायतका प्रस्तुति प्रस्तुत गरेका थिए । दूतावासको फेसबुक पेजमार्फत कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो ।

# नरैनापुरको सुख्खा क्षेत्रमा बोरिङ मार्फत सिंचाइ गरिंदै

बाँके । बाँकेको नरैनापुर सुख्खा क्षेत्रमा बोरिङमार्फत सिचाई सेवा सुरू हुने भए पछि किसान उत्साहित भएका छन् । नरैनापुर गाँउपालिकाले सुख्खा क्षेत्र घोषणा गरी सक्दा समेत प्रदेशर संघीय सरकारले कुनै वास्ता नगरे पछि गाँउपालिकाले आफनै बजेटबाट पुराना डिप बोरिङहरूको मार्मत गरी संचालनमा ल्याउने भए पछि किसान उत्साही बनेका छन् ।

आकाशे पानीको भरमारहेका किसानहरू धनरोप्न सकेका छैन भने सिंचाईको अभावमा पशुलाई घाँस पनिराम्रोसंग उब्जनी नहुने जमिनमा गाँउपालिकाले पुरानो बोरिङहहरूको खोजी गरी मर्मत गर्न सुरू गरे पछि किसानहरूराहतको अनुभूति गरेका छन् ।

नरैनापुरको ६ वटै वडामा ट्युवेल मर्मत गरी नरैनापुर क्षेत्रमा बाझोरहेको जमिनमा सिचाई सेवा पुऱ्याउने उद्देश्यका साथ लागेको गाँउपालिका अध्यक्ष इश्तियाक अहमद शाहले बताए ।

गाँउपालिकाले प्रदेशर संघीय सरकार संघ सुख्खा ठाँउमा सिचाँईको सुविधा पुऱ्याउन माग गरे पनि सरकार मौन बसेको बताए । अध्यक्ष शाहले भने,सरकारले सुख्खा क्षेत्रका जनताका लागिराहतको व्यवस्था गरीदिने हो भने किसानहरूको दैनिकीमा फेरबदल हुनका साथै किसानलेराहतको महशुस गर्ने थिए ।

# निवर्तमान प्रदेश प्रमुखद्वारा मदरसामा शैक्षिक सामग्री प्रदान



सिरहा । मधेश प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा.राजेश अहिराजले जिल्लाको लहानस्थित एक मदरसामा शैक्षिक सामग्री प्रदान गरेका छन् । सिरहाको लहान बजार-५ स्थित बुधबार दारूल ओलूम हनफीया अश्रफिया मदरसाका करिब एक सय विद्यार्थीहरूलाईराष्ट्र निर्माता पृथ्वीनारायण शाहको तश्वीरसहितको उत्तरपुस्तिका निवर्तमान प्रदेश प्रमुख डा.अहिराजले वितरण गरेका हुन् । साथै, डा.अहिराजले गुरूवर्ग, समाजका अगुवार सञ्चारकर्मीहरूलाई नेपालको झण्डा अंकित लोगोसमेत वितरण गरेका थिए । मदरसामा स्थानीय, प्रदेश वा संघीय सरकारबाट उचित सहयोग प्राप्त नभइरहेको गुनासो गुरूवर्गले डा.अहिराज सामुराखेका थिए । डा.अहिराजले स्वास्थ्यर शिक्षामा निःशुल्कर समानस्तरमा सबैको पहुँच हुनुराज्यको दायित्वरहेका बताएका थिए । उनले लोकतन्त्र सही मतलब पनि यहीरहेको बताएका थिए ।

# मधेशी एकता समाजद्वारा भिजिट भिसापीडितको उद्धार



काठमाडौं । भिजिट भिसामा वैदेशिक रोजगारका लागि दुबई पुगेका सप्तरीका एक युवकको मधेशी एकता समाजले उद्धार गरेको छ ।

भिजिट भिसामा दुबईमा पुग्दा विभिन्न समस्यामा परी सप्तरीको तोपाका ललित मण्डल अल्पत्र परेका थिए । उनलाई मधेशी एकता समाजका युएई इकाईका कृष्ण ठाकुरले उद्धार गरी नेपाल फिर्ता पठाएका हुन् । पीडित मण्डलले भने, 'म भिजिट भिसामा आएको थिएँ, दुबईमा नराम्रीसँग फँसिसकेको थिएँ । मधेशी एकता समाजले मलाई धेरै नै सहयोग गऱ्यो ।' भिजिट भिसामा जाँदा धेरै नै समस्या भोग्नुपरेको भन्दै उनले कोही पनि भिजिट भिसामा वैदेशिक रोजगारका लागि नजान आग्रह पनि गरेका छन् ।

## आर्थिक समाचार

### प्रभु बैंक र ग्रीन लाइफ हेल्थ केयरबीच आकर्षक छुट गर्ने सम्झौता

काठमाडौं । प्रभु बैंक लिमिटेड र ग्रीन लाइफ हेल्थ केयर प्रा .लि. का बीच विभिन्न सेवाहरूमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । बैंकका तर्फबाट डिजिटल सेल्स् विभागका प्रमुख भेष राज धमला र ग्रीन लाइफ हेल्थ केयर प्रा .लि. का तर्फबाट प्रमुख प्रशासनिक अधिकृत डा. सरिता ढकालले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । प्रभु बैंक र उक्त प्रा .लि बिच आइतबार सम्पन्न सम्झौता अनुसार प्रभु बैंकमा खाता खोली बैंकिङ्ग कारोबार गरिरहेका सम्पूर्ण ग्राहकहरूले ग्रीन लाइफ हेल्थ केयर प्रा .लि. द्वारा सञ्चालित सेवामा, (चिकित्सक परामर्श शूल्क) बाहेक अन्य सेवा शूल्कमा १५ प्रतिशत छुट प्राप्त हुने भएको छ । साथै फार्मेसी सेवा शूल्कमा १० प्रतिशत छुट प्राप्त हुने भएको छ । उक्त सम्झौताअन्तर्गत ग्रीन लाइफ हेल्थ केयर प्रा .लि. मा सुविधा लिन चाहने प्रभु बैंकका ग्राहकहरूले प्रभु बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग च्यानलहरू प्रयोग गरी भुक्तानी गर्दा, ग्रीन लाइफ हेल्थ केयर प्रा .लि.का उल्लेखित सेवाहरूमा आकर्षक छुट प्राप्त हुने व्यवस्था मिलाइएको छ ।

### स्मार्टच्वाइस टेक्नोलोजिज र आइसीएफसी फाइनान्सबीच सम्झौता

काठमाडौं । आइ सी एफ़ सी फाईनान्स लिमिटेड लिमिटेड र स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड एससिटी (SCT) बीच डिजिटल पेमेन्ट कारोबार गर्ने ग्राहकहरूलाई लक्षित गरी स्मार्ट क्यू आर (Smart QR) प्रयोग मा ल्याउनका लागि व्यवसायिक सम्झौता भएको छ । सेवा विविधिकरणको यो नयाँ आयाम पश्चात आइ सी एफ़ सी फाईनान्स लिमिटेडका ग्राहकहरूले बैंकको मोबाईल बैंकिङ्ग एप (ICFC Finance Smart) प्रयोग गरी कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा उक्त सेवाको भुक्तानी स्मार्ट क्यू आर (Smart QR) मार्फत गर्न सक्ने जनाएको छ । उक्त सम्झौतापत्रमा स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाशभुजु र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुनिल पन्तले हस्ताक्षर गरेका छन् ।

### गरिमा क्यापिटलको सीईओमा भट्टराई

काठमाडौं । गरिमा क्यापिटल लिमिटेडको साउन २९ गते बसेको संचालक समितिको बाउन्न (५२) औं बैठकको निर्णयानुसार निर्मल भट्टराई प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer) पदमा नियुक्त भएका छन् । भट्टराईले भारतबाट चार्टर्ड एकाउन्टेन्सी (सीए) गरेका छन् । उनी यसै संस्थाको स्थापनाकालदेखि नै विभिन्न ओहदामा रहेर कार्यसम्पादन गर्दै आएकोमा हाल संस्थाको प्रमुख कार्यकारी अधिकृत जस्तो गरिमामय पदमा नियुक्त हुन सफल भएका हुन् । यसअघि उनले गरिमा क्यापिटल लिमिटेडको निमित्त प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यभार सम्हाल्दै आएका थिए ।

## राजनीतिक...

कांग्रेसबाट निस्केर महन्थ ठाकुर नेतृत्वमार सदभावना पार्टीका तर्फबाटराजेन्द्र महतोलगायतका नेताहरूले आगो बाल्न सुरू गरेका थिए । सबैलाई तह लगाउन भएको आठ बुँदे सम्झौता पछि बनेका तीन पार्टी मध्ये ठाकुरर महतोलगायतका नेताहरू अहिले लोकतान्त्रिक समाजवादी पार्टीमा सामेल छन् । त्यतिखेरको तराई मधेश लोकतान्त्रिक पार्टीलाई अहिले वृषेशचन्द्र लालले ब्युँत्याइ अध्यक्ष बनेका छन् ।

सहनी भन्छन् "उहिलेको समग्र मधेश प्रदेश अहिले सप्तरीदेखि पर्सासम्मका आठ जिल्लामा खुम्चिएको छ ।" बाँकी मधेशहरू अन्य प्रदेशहरूको भाग भएर बसिरहेको छ ।

पछिल्लो समय समग्र देशमार औपचारिक मधेश प्रदेशमा सक्रियराजनीतिक दलहरूको स्थिति निर्लज्ज भण्टाको जस्तो छ । जता हेऱ्यो कानो । जता हेऱ्यो बिग्रेको । जनता दिक्क बनेका छन् । नोट भोटको व्यवस्था भएको भए यस्ता बिग्रेका नेताहरूको विरोधमा नो भोटको अभियान सञ्चालन गर्न सकिन्थ्यो । मुखिया भन्छन् " जनतालाई मतदान गर्नुपर्छ । यो वा त्यो मान्छेलाई मतदान गर्नुपर्छ । जो कोही जित्छ बिग्रेकै जित्छ । बालेन शाह जस्ताको त्यो हैसियत नै पुग्दैन् । बहुदलीयराजनीतिमा दलको प्रतिनिधित्व त्यसको अनुशासनसँग मेल खान्छ । निर्दलीयता दलीय व्यवस्थाको प्रतिकूलराजनीति हो । त्यसले जनतालाई भलो गर्दैन् । समस्या आइपरेका बेला समाधानको खोजी गर्दा दलकै नेताको दैलामा जानुपर्ने हुन्छ । "

संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता सबै दललाईरहेको छ । यो कुरो गएकोराजनीतिक तथा न्यायिक विवादका बेला देखियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला सरकार गठनसम्बन्धी प्रक्रिया लगायतका विषयमा देखिएको विवादले यसको पुष्टि गर्छ ।

संविधानमा संशोधनका लागि दुई तिहाइको बहुमत आवश्यक हुन्छ । यसका लागि कुनै पनिराजनीतिक दलसँग त्यो बहुमत छैनर हुने छैन भन्ने कुरो सबैराजनीतिक दलका नेताहरूको साझा अभिव्यक्ति सुनिएको पढिएको कुरो युएन पार्क चौतारीका मुखिया भन्छन् ।

यो संविधान फेर्नुपर्ने हुन्छ कि त संशोधन गर्नुपर्ने हुन्छ । फेर्नका लागि दोस्रो संयुक्त जनआन्दोलनको ज्वारभाटा सिर्जना गर्नुपर्ने हुन्छ कि त दुई तिहाइको बहुमत आवश्यक हुन्छ कि तराष्ट्रिय सहमतिको आवश्यकता हुन्छ ।

बिग्रेकै नेताहरूको नेतृत्वमाराजनीतिक दलरहेपनि यो पटकको चुनावमा दुईटा गठबन्धन बन्ने देखिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा बनेको पाँच दलीय गठबन्धन जसमा जसपार लोसपा लगायतका दल पनि सामेल हुने देखिएको छ । अर्को एमालेरराजेन्द्र लिङ्देन नेतृत्वकोराप्रपासहितका केही दलको गठबन्धन बन्ने देखिएको छ । जताले यी गठबन्धनहरूका उम्मेदवारलाई मतदान गर्नुपर्ने हुन्छ ।राजनीतिक महोलर उम्मेदवार चयनले पनि निर्वाचनको परिणामलाई प्रभावित गर्ने अवस्था बन्ने छ । जनतालेराजनीतिक दलबाट चरित्र निर्माण हुने गरी उम्मेदवारको चयन होस भन्ने चाहेका छन् । दाग लागेका नेताहरू सम्भव भएसम्म उम्मेदवार बन्न नपाउन भन्ने चाहनाराजधानीमा बालेन शाहलाई जिताएर सन्देश दिएका छन् ।

राजनीतिक दलले पनि अनुशासन भङ्ग गर्ने नेतृत्वलाई कारबाही गर्नुपर्ने बानी बसाल्नु पर्ने आवश्यकता छ ।

पुरेतले गङ्गाजल छर्केर यजमानलाई शुद्ध गर्ने व्यवहार अनुसार आजको भोलिमै चुनाव जितेर आएका नेतालाई चोख्याउने काम गर्नु हुँदैन् । यस्ता अनुशासन भङ्ग गर्ने नेता कार्यकर्ताहरूका लागि बनाइएको अनुशासन सम्बन्धी कारबाही गरेपछि मात्र भित्र्याउने कार्यकलाप तय गर्नुपर्ने आवश्यकतारहेको छ ।

यसो गरिएन भने भण्टा कानो को कानो नैरहनेछ । सामाजिक सञ्जालर यस्ता चौतारीहरूमा बसेर मन्थन गर्ने जनतालाई कुनै समकालीन एजेण्डा प्रति विश्वास दिलाएर आन्दोलन उचाल्न सक्ने नेतृत्व अगाडि आए तेस्रो जनआन्दोलन अगाडि नआउने भन्न नसकिने मुखियाको बुझाइरहेको छ ।

समाजवाद उन्मुख भनिएको यो संविधानमा संशोधनको विषयलाईराजनीतिक दललेराष्ट्रिय सहमति बनाएर अगाडि बढ्नुपर्ने आवश्यकतारहेको छ । अन्यथा यो दशक अन्तर्राष्ट्रिय परिवेशमा ठुलो परिवर्तनको सन्देश रूसले युक्रेनमा गरेको आक्रमणर अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवानमा आएर उत्पन्न गराएको तनावले दिइरहेको छ । पाकिस्तानमा भुट्टोलाई फाँसी दिँदा नेपालमा जनतमत संग्रह गराउने गरिएकोराजनीतिक आन्दोलनको चार दशक मात्रै भएको छ ।

सबैराजनीतिक दलले यसबारे सोच्नु पर्नेर निर्लज्ज भण्टा दुवै तिर कानो भनाइराजनीतिक क्षेत्रमा फेर्न पर्ने जिम्मेवारी पूरा गर्नुपर्ने सहनी बताउँछन् ।

## प्रत्यक्ष...

नेतृत्वको मधेश सरकारले युवाहरूको शिक्षा र रोजगारको क्षेत्रमा अघि बढेको बताए ।

युवाहरूको पहिलो आवश्यकता शिक्षा रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले शिक्षामा आमूल परिवर्तनका लागि प्रदेश सरकारले तीनतीन वटा विश्वविद्यालय स्थापना गरेर काम अघि बढाइ सकेको बताए ।

उनले मधेशका युवाहरूलाई प्रदेशमै रोजगार उपलब्ध गराउन प्रदेश निजामति ऐन, प्रदेश प्रहरी ऐन ल्याई त्यसमा जनसंख्याको आधारमा आरक्षण एवं महिलाको लागि ५० प्रतिशत आरक्षण व्यवस्था समेत गरेको बताए ।

युवा संघ अध्यक्ष एवं मधेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र राय यादवको अध्यक्षतामा भएको उद्घाटन सत्रमा जसपाका कार्यकारिणी सदस्य सुशिला श्रेष्ठ, राजनीतिक समिति सदस्य एवं प्रतिनिधिसभा सदस्य डा. सुरेन्द्र यादव, राजनीतिक समिति सदस्य लालकिशोर साह, प्रदेश सभा सदस्य राम अशिष यादव, अशोक यादव सहितका नेताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

## भारत...

आगामी भाद्र ११ गते शनिबार 'भारत गौरव पर्यटक रेल' जनकपुरधाम आउन लागेको महाप्रबन्धक झाले जानकारी दिएका छन् ।

महाप्रबन्धक झाले पर्यटकको स्वागतको तयारीमा जुटेको बताए । सो रेलले भारतको अयोध्या, नन्दीग्राम, सीतामढी, बनारस, प्रयागराज, चित्रकुट, पञ्चवटी, नासिक, हम्पी, रामेश्वरम र भद्राचलम जस्ता प्रख्यात धार्मिक गन्तव्यका साथै नेपालको जनकपुरमा अवस्थित धार्मिक क्षेत्रलाई जोड्ने महाप्रबन्धक झाले जानकारी दिएका हुन् ।

भारतीय राजदूतावासको समन्वयमा आउन लागेको सो 'भारत गौरव पर्यटक रेल'मा करिब छ सयको सङ्ख्यामा भारतीय पर्यटक बोकेर आउने र सो दिन पर्यटकले जनकपुरधामको विभिन्न धार्मिकस्थलको भ्रमण गर्ने कार्यक्रम निर्धारण भएको महाप्रबन्धक झाको कथन छ । उक्त रेलको प्रत्येक डिब्बामा भारतीय स्मारक, नृत्य, परिकार, पोशाक, पर्व, वनस्पति तथा जीवजन्तु, योग, लोक कलाजस्ता भारतको कला, संस्कृति, परम्परा, सम्पदालगायतका बहुरूपी झल्को देख्न सकिने चित्र राखिएको छ । युनेस्को सम्पदा सूचीमा सूचीकृत विभिन्न सम्पदास्थलका साथै भारतका विभिन्न आधुनिक वास्तुकलाका अद्भूत रचनालाई प्रवर्द्धन गर्न रेलको बाहिरी भागलाई बौद्ध तथा मुगलकालीन प्राचीन संरचनालगायत गुजरातमा अवस्थित स्टैच्यु अफ युनिटी, दिल्लीमा रहेको नेशनल बार मेमोरियल जस्ता आधुनिक संरचनाका तस्विरले सजाइएको जनाएको छ ।



## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ

यसबाट बच्न र बचाउन:

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दूरी कायम राखौं ।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं ।
- घर तथा कार्यालयमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरूद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गराऔं ।

सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं